ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ९, २०८२ जेठ, पूर्णाङ्क २२९

सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर

पोखरा- १७ महतगौडा, कास्की

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना दुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

"अनेक दान एक समान"
कथा र पुराणमा दान र द्रव्य भन्दा भाव चढाऔं ।
श्री पशुपतिको इतिहासमा प्रथम पटक ऐतिहासिक
श्रीपशुपतिनाथ महात्म्य-२०८२
शिवमहापुराण, श्रीमद्भगवत महापुराण, श्रीमद् देवी भगवत,
नेपाल महात्म्य कथाका साथ श्री १००८ शालिग्राम भगवान पुजन,
प्रार्थिव शिवलिङ्ग निर्माण पुजन, वेलपत्र र विभिन्न तीर्थस्थलहरूको जल भगवान
श्रीपशुपतिनाथमा चढाउने व्यवस्था सहित धार्मिक प्रवचन भजन किर्तन, झाँकी प्रदर्शन
हुने ऐतिहाँसिक कार्यक्रममा सहभागी हुन नछुटौं ।
२०८२ साउन १ गते देखी ३१ गतेसम्म
पाशुपत क्षेत्र भुवनेश्वरीमा

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
उपसम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ९, २०८२ पूर्णाङ्क २२९

जेठ २०८२

बिहीबार	१	८	१५	२२	२९
शुक्रबार	२	९	१६	२३	३०
शनिवार	३	१०	१७	२४	३१
आइतवार	४	११	१८	२५	गौरी
सोमबार	५	१२	१९	२६	गौरी
मङ्गलबार	६	१३	२०	२७	गौरी
बुधवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

गङ्‌गापुत्र देवव्रत

गङ्गाको शील र स्वभाव अत्यन्त राम्रो थियो । उनको विनम्रता, माया र स्नेह पाएर राजा कृतार्थ बने । राजाको दिनचर्या पनि फेरिँदै गयो । ममता र स्नेहको सागरमा दुवै डुब्दै गए । दिनहरू बितेको पत्तै भएन । समयको गतिसँगै गङ्गा गर्भिणी भइन् । तर उनमा एउटा क्रूर एवम् अनौठो व्यवहार देखियो । आफ्नो गर्भबाट पहिलो बच्चा जन्मनेबित्तिकै नदीमा लगेर बगाइदिइन् र हाँस्दै, मुस्कुराउँदै राजदरबारमा फर्किइन् । महारानीको यस्तो व्यवहार देख्दा राजालाई सही सक्नु भएन । तर उनी वाचामा बाँधिएकाले चुपचाप बस्न बाध्य भए ।

राजाले मनमनै सोचे– "यस्ती मृदुभाषिणी, सुन्दरीको कस्तो क्रूर, अमानवीय चाला । यति नीच र घिनलाग्दो व्यवहार गर्ने सुन्दरी कहाँकी, कुन राजाकी छोरी होलिन ?" त्यसपछि अर्को बच्चा पाइन् र पहिलेजस्तै बच्चा पाउनेबित्तिकै नदीमा लगेर बगाइदिइन् र मुस्कुराउँदै राजदरबारमा फर्किइन् । यसरी एकपछि अर्को गर्दै बच्चा जन्माउने र जन्मनेबित्तिकै नदीमा लगेर फाल्दै गइन् । सात सातवटा बच्चा त्यसैगरी फालिन् । हरेक पटकको पीडादायक व्यवहारले राजाको मुटु छियाछिया भइरह्यो तर वचनबद्ध भएकोले केही पनि बोल्न सकेन् ।

जब आठौं बच्चा जन्माइन्, त्यो बच्चालाई पनि फाल्ने हेतुले नदीतर्फ जानलाग्दा राजालाई सहीनसक्नु भयो । सूर्यसमान तेजस्वी भर्खरै जन्मेको बच्चा नदीमा बगाउने र सहजरूपले मुस्कुराउँदै दरबार फर्कने, यस्तो अपराधपूर्ण व्यवहार पुनः दोहोऱ्याउन लाग्दा राजाले गर्जेर "पर्ख !" भन्दै हकारेर रानीलाई एकछिन् त्यहीं रोके । अनि ठूलो स्वरले भने– "के तिमीलाई यस्तो घोर अपराध गर्न अप्ठेरो लाग्दैन ? आमा भएर आफ्नै कलिला बच्चालाई त्यसरी मार्दा किन अलिकति पनि पापको डर नभएको हँ ?" राजाको कुरा सुनेर आठौं बच्चा बगाउन नपर्ने ठानी गङ्गा मनमनै खुशी भइन् । तर देखावटी रूपमा रिसाएझैं गरेर 'हे राजन् ! तपाईले आफूले दिनुभएको वचन भुल्नुभयो कि कसो ? तपाईलाई त बच्चाहरूको मात्र मायालाग्दो रहेछ । मप्रति भने पटक्कै लगाव रहेनछ । त्यसैले तपाईंसँग म अब एकछिन पनि बस्न सक्दिनँ । ठिकै छ, म तपाईंको यो छोरालाई नदीमा बगाउने छैन ।" भन्दै आफ्नो परिचय दिन लागिन् ।

"दुनियाँभर हरेक प्राणी, ऋषि, मुनिहरूबाट पुजित म गङ्गा हूँ । मैले बगाएका सात बच्चाहरू खासमा वसुहरू थिए । महर्षि वशिष्ठले अष्ट वसुलाई मर्त्यलोकमा जन्म होस् भनेर श्राप दिएका थिए । त्यसपछि ती वसुहरूले "दुःखको धर्तीमा तपाईं हाम्रो माता बनिदिनुहोस् । मर्त्य लोकमा दुःख कष्ट भोगेर बस्न हामी चाहँदैनौं, त्यसैले हामी जन्मनेबित्तिकै तपाईंले हामीलाई गङ्गामा बगाइदिनुहोला" भनी अनुरोध गरेका थिए । त्यसैकारण मैले उनीहरूको आग्रहलाई स्वीकार गरेकी मात्र हुँ । त्यसका लागि मैले तपाईलाई प्रेम जालमा पारेर उनीहरूलाई दिएको वचन पूरा गरें । महाराज ! तपाईं पनि भाग्यमानी हुनुहुँदो रहेछ । वसुहरूको बावु बन्न पाउनुभयो । यस्तो हुनु पनि ठूलो कुरा हो । अन्तिम आठौं वसु यो बालकलाई अहिले म लिएर जान्छु र भरणपोषण गरेर ठूलो भएपछि तपाईंलाई नै बुझाउनेछु ।" यति भनेर बच्चालाई साथमा लिएर गङ्गा आफ्नो गन्तव्यमा जानुभयो । त्यही बालक पछि गएर इतिहासमा भीष्म पितामहको नामले प्रख्यात भए । गङ्गाले बच्चा लिएर त्यहाँबाट हिँडेपछि राजा शान्तनु केही समय विरक्तिए पनि भोगविलासबाट पर रहेर राजकाजमा जुटे ।

अष्टवसुको कथा के थियो भने– एक दिनको घटना हो, आठ वसुहरू आआफ्ना पत्नीसहित जङ्गलमा घुमघाम गरिरहेका थिए । त्यही वनमा ऋषि वशिष्ठको आश्रम थियो । आश्रमको वातावरण अत्यन्त सुन्दर थियो । उनीहरू मन बहलाउँदै, रमाइलो गर्दै, हाँस्दै-खेल्दै जङ्गलमा घुमिरहेका थिए । ऋषिको नन्दिनी नाम गरेकी गाई बाच्छा सहित चर्दैचर्दै त्यही आइपुगी । त्यति राम्रा माउबाच्छा देखेर वसुका स्त्रीहरू मोहित भए । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

सम्पादकीय

पोखरा भ्रमण वर्षको सार्थकतामा: श्रीगण्डकी कोटिहोम

पोखरा महानगरपालिकाले सन् २०२५ लाई पोखरा भ्रमण वर्षको रूपमा घोषणा गरेको छ । २० लाख पर्यटन भित्र्याउने लक्ष्य सहित गत २०८१ साल फागुन ३ गते पोखर भ्रमण वर्ष घोषणा गरिए पनि तीन महिना पूरा हुँदै गर्दा महानगरको तर्फबाट पर्यटक आकर्षण गर्ने खासै कुनै गतिविधि गरेको पाइएको छैन । यही अवस्था हो भने महानगरको यो घोषणा नारामै मात्र सीमित हुने सम्भावना छ ।

यसैबीच पोखरा भ्रमण वर्षलाई लक्षित गरी बालयोगेश्वर विजय श्रीकृष्णमूर्तिजी महाराजको सत्सङ्कल्प अनुरूप मानवसेवा फाउण्डेसनले यसै पर्यटकीय नगरी पोखरामा ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री विराट् कोटिहोम ज्ञान महायज्ञको सञ्चालन गरिरहेको छ । श्री सदाशिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्र, पोखरा-१७ विरौटामा सञ्चालित सो महायज्ञमा भारत वारणसी स्थित निरञ्जनी अखडाका महामण्डलेश्वर श्री १००८ कैलाशानन्द सरस्वती, काशी सुमेरु पीठका जगद्गुरु शङ्कराचार्य नरेन्द्रानन्द सरस्वती महाराज सहित देश विदेशका अनेकौं साधुसन्त महन्त र लाखौं भक्तजनहरूको समुपस्थिति रहेको छ ।

ऐतिहासिक शत कुण्डीय गायत्री कोटिहोम संभवतः नेपालको इतिहासमा पहिलो पटक आयोजना गरिएको छ । यस महायज्ञमा श्रद्धालु भक्तजनको उपस्थिति देख्दा महायज्ञ केवल महायज्ञ नभइ महाकुम्भको रूपमा परिणत भएको आभाष हुन्छ । महायज्ञको चर्चा नेपाल मात्र नभइ विश्वभर फैलिएको छ । छिमेकी मुलुक भारत मात्र होइन नेपाल जन्मभूमि भएर पनि कर्मभूमि समुद्रपारका मुलुकमा बनाएका कैयौं नेपालीहरू समेत यस ऐतिहासिक महायज्ञको दर्शनार्थ आउनुभएको छ ।

पोखरामा जारी यस ऐतिहासिक महायज्ञले धार्मिक जागरणको साथसाथै पोखराको पर्यटन, यातायात, व्यापार लगायतका क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याएको छ । त्यसैले यस महायज्ञले देशको पर्यटन प्रवर्द्धनमा धार्मिक क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ भन्ने नजिर स्थापित गरेको छ ।,अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

मुटुको व्याथा — प्रा.डा. ऋषिराम पोखरेल — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज ‘केशवशरण’ — ५

समसामयिक

रामराज्यको ...२ — सहप्रा. डा. विनु बाबा अर्याल — ७

आध्यात्मिक वार्ता

साधनाको ... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ९

विश्लेषण

बर र पीपल... — सुजन पराजुली कौडिन्य — ११

महिमा

गायत्री मन्त्रको रहस्य — सन्तोष न्यौपाने — १३

दस्तावेज

महायज्ञ विधिपूर्वक सम्पादित भएको पाएको छु

जगद्गुरु शङ्कराचार्य नरेन्द्रानन्द सरस्वती — १५

अन्तरवार्ता

महिला पञ्चैबाजा..... — कमला पराजुली, भुषाल — १८

देश-दर्शन

पर्वत (पार्वती जन्मभूमि).. — भुवन राज सुवेदी शास्त्री — २१

संस्कार

आधुनिक जीवनमा... — सुजनप्रेमी सुवेदी — २७

प्रेरक प्रसंग

भगवान्‌को जीवनी.... — कोष भारद्वाज — २९

समयसन्दर्भ

ऐतिहासिक श्रीगण्डकी.... — भागवतश्री न्यौपाने — ३२

गतिविधि — ३४

-प्रा. ऋषिराम पोखरेल

मुटुको व्यथा

भोका नाङ्गा जनहरू जसै देखिए यत्रतत्र
शिक्षा दीक्षा रहित सबको देखिए नग्नचित्र ।

कोटी आत्मा स्वरूप ममता पूर्ण त्यो नित्य व्यग्र
आत्मा रोयो मुटु थरथरी हल्लियो भो विचित्र ।

केले होला अब मुलुकको स्वच्छ आत्मा प्रदीप्त
चिन्ता छायो भर मुलुकको धिरता भो विलुप्त ।

कालो निलो नभसम्म भयो चन्द्रमा कान्तिहीन
वैलाए झैँ कमल मुटु भो ताडनाले मलीन ।

हा हा शम्भो भर मुलुकको एकताको पूजारी
कहिले होला सहज मृदुता-पूर्ण व्यक्तित्वधारी ।

कोटि आत्मा शिव घरघरै प्रार्थना गर्न थाल्यो
आफ्नै पारा सबैतिर चल्यो पाठ पूजा लगायो ।

भाग्यो पीडा पशुपति कृपा स्वच्छ भई झल्मलायो
पीडा आफैं परतिर सर्यो स्वच्छताले सकार्यो ।

हाँसो फर्कियो हृदय भरियो पूर्णिमाले अँगाल्यो
बिउँझ्यो आत्मा मुखरित भयो मार्ग आफै सम्भाल्यो ।❖

(२०२५/२/२७ को रचना)

-सुन्दरीजल, काठमाडौं

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम्।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन्।२६।

अन्वय- अज्ञानां कर्मसंज्ञिनां बुद्धिभेदं नजनयेत्। विद्वान् युक्तः सर्वकर्माणि समाचरन् जोषयेत्।

सरलार्थ- परमात्मामा, प्रभु कृष्णमा समर्पित भएर मुक्त बनेको विद्वान्ले फलासा राखेर कर्म गर्ने अल्पज्ञहरूको बुद्धिमा भेद पैदा गरिदिनु हुँदैन। उनीहरू अकर्मण्य पनि नरहून् र फलाशामा जेलिने पनि नहोऊन् भनेर सबै कर्महरूलाई निष्कामता साथ सम्पन्न गरेर उनीहरूलाई कर्मयोगी बन्ने प्रेरणा दिनु पर्दछ।

भावविशारदा- अकर्मण्य भएर नबस्ने तर कर्म कसरी गर्ने भन्ने चाहिँ राम्ररी बुझ्न नसक्नेहरूलाई ज्ञानवान्ले गर्दै गरेको कर्मबाटै विचलित हुने गरी बुद्धिभेद पैदा गरिदिनु हुँदैन। तिमीहरू बिल्कुलै गलत गर्दैछौ भनेर तिनलाई भस्काइदिनुभन्दा कसरी गर्नुपर्ने हो; त्यो अनुसार गरेर तिनीलाई उदाहरण प्रस्तुत गरिदिने काम ज्ञानवान्ले गर्नुपर्दछ। नत्र जो भइरहेको छ त्यो पनि छुट्ने डर हुन्छ।

निरन्तर कर्म गर्दै रहेका शास्त्रीय दृष्टिले पनि उचित नै ठहर भएका कर्महरूमा संलग्न साधकहरूलाई सकाम कर्म त व्यर्थ छ। निष्काम कर्म पो गर्नु पर्दछ भनेर पनि भनिदिनु हुँदैन। उनीहरू त्यस्तो कुरा जान्ने सुन्नेका मुखबाट सुनेर कर्म गर्ने छोडिदेलान्। त्यसै गरी 'सकाम कर्म नै ठीक छ। स्वर्गप्राप्ति गराउने कर्म नै यस्तै कर्म हो' जस्तो भ्रम पनि उनीहरूमा पारिदिनुहुँदैन। यस्तो भ्रम पर्ने गरी कुनै कुरा नगरी आफ्नो आचरणद्वारा निष्काम कर्मयोगको आदर्श प्रस्तुत गरेर दर्शाउनु पर्दछ। जसको अनुसरण गरेर उनीहरू पनि गलत बाटो छोडेर असल बाटोमा लागून्।

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः।
अहङ्कारविमूढात्मा कर्ताह–मिति मन्यते। २७॥

अन्वय- प्रकृतेः गुणैः सर्वशः कर्माणि क्रियमाणानि (भवन्ति) अहंङ्काराविमूढात्मा (तु) अहं कर्ता इति मन्यते।

सरलार्थ- सबै कर्महरू प्रकृतिका गुणहरूले गर्ने गर्दछन्। परन्तु अहङ्कारद्वारा मोहित हुनेहरू चाहिँ मैले गरेको हुँ भन्ने मान्दछन्।

भावविशारदा- परमात्मा सर्वेश्वर वासुदेवकी प्रकृष्ट कृतिलाई नै प्रकृति भनिन्छ। र, भगवत्शक्तिस्वरूपा प्रकृतिभित्र क्रियाशील रहने सत्व, रज र तम रूप गुणहरूद्वारा नै यावत् कर्महरू हुने गर्दछन्। यो सृष्टिभित्र जे जति कर्महरू भइरहेका छन् र भइरहनेछन्; तिनको कारण तत्त्व भगवच्छक्तिस्वरूपमा प्रकृतिनै हुन्। प्रकृतिबाट उत्पन्न सत्त्व, रजर तमकै उपज भएको हुनाले बुद्धि, अहङ्कार, मन, समस्त इन्द्रियहरू (ज्ञानेन्द्रिय, कर्मेन्द्रिय दुवै) शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषय यी सबै गुणकै सन्तान भएकाले प्रकृतिका गुण नै कहलाउँछन्। समस्त कर्महरू यिनैबाट हुने गर्दछन् र यिनका नियामक चाहिँ भगवान् सर्वेश्वर हुनुहन्छ। सर्वेश्वर भगवान् वासुदेवकी शक्तिस्वरूपमा प्रकृतिले नै यो सम्पूर्ण जगत्प्रपञ्च चलाइरहेकी हुन्छिन्। तर यसरी भगवत्शक्तिद्वारा अनादिकालदेखि सम्पन्न हुने गरेका कर्महरूलाई अहङ्कारद्वारा नै मोहित व्यक्तिले मैले गरेको भनेर आफूलाई बीचमा उभ्याउँछ। जगत्मा आसक्त भएको मायामोहित व्यक्ति यसरी आफैंलाई कर्ता मान्न पुगिरहेको हुन्छ भने भगवान्मा आस्था राख्ने भक्तिदर्शनमा प्रवृत्त भएको ज्ञानवान् पुरुष चाहि सम्पूर्ण कर्महरूलाई

सम्पन्न गर्ने प्रकृतिका गुणहरू र तिनबाट पैदा भएका बुद्धि, मन, दश इन्द्रिय, अहङ्कार आदि सबै कुरा परमात्मा सर्वेश्वर वासुदेवको व्यवस्थानुसार प्रकृतिबाट भएका हुन् भन्ने संझेर उहाँलाई नै आफ्नो परमाराध्य मानी प्रभु वासुदेवको अनन्य उपासक बन्दछ । यो उच्च समझदारी राखी आफूमा अकर्मभावको अनुभूति गर्ने व्यक्ति भव बन्धनबाट मुक्त हुन्छ ।

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥ २८ ॥

अन्वय- हे महावाहो, गुणकर्मविभागयोः तत्त्ववित् तु गुणा गुणेषु, वर्तन्ते इति मत्वा न सज्जते ।

सरलार्थ- तर हे महाबाहु, अर्जुन ! गुणविभाग र कर्म विभागको तत्त्व बुझेका तत्त्वज्ञानी चाहिँ सम्पूर्ण गुणहरू नै गुणहरूमा प्रवृत्त हुने गर्दछन् भन्ने सम्झेर आसक्तिमा पर्दैपदैनन् ।

भावविशारदा- गुणविभाग भनेर यहाँ सत्व, रज र तमका कार्यहरू बुद्धि, अहङ्कार, पञ्च महाभूत, इन्द्रियहरू र मनलाई अनि इन्द्रियहरूका विषय शब्द, स्पर्श, रूप, रस, गन्ध यी विषयहरूको समष्टिलाई सम्झनु पर्दछ । अनि कर्म विभाग भनेर चाहिँ यी तीन गुणहरूले युक्त पुरूषहरूद्वारा गरिने तीन थरि (सात्विक, राजस र तामस) कर्महरूको समूहलाई सम्झनु पर्दछ । यिनै सम्पूर्ण कर्मका कारण तत्त्व हुन् भन्ने बुझिसकेको भगवद्भक्तले ज्ञानी पुरूषका लागि आफू कर्ता हुँ भन्ने भाव एकैछिन पनि मनमा उठ्नै सक्दैन । ऊ तत्त्व वित् हुन्छ । प्रकृति, प्रकृतिजन्य गुण, तिनका समस्ता माथि उल्लेखित सन्तानहरू नश्वर छन् किनकि प्रकृतिको यो स्थूल विस्तार सम्पूर्ण नाशवान् छ । परन्तु सच्चिदानन्दमय परमात्माको अंश भएको हुनाले आफू चाहिँ नित्य छ, अविनाशी छ ।

कर्महरूमा कर्तापनको अनुभूति आत्माको परिचय नहुनाको परिणाम हो । आत्मा शुद्ध, बुद्ध, मुक्त छ परन्तु प्रकृतिसितको सम्बन्धले गर्दा शरीरद्वारा हुने कर्मलाई ऊ आफूले गरेको भन्ने संझन्छ । यदि शरीरसित आत्माको सम्वन्ध नहुने हो भने अविदा रहेको आत्माले कर्म कहिल्यै सम्पन्न गर्न सक्दैन । परमात्मासितको जति गाढा सम्वन्ध हुन्छ, जीवात्मा त्यति आफूमा अकर्तापन अनुभव गर्दै मुक्तितिर लम्कन्छ र प्रकृतिसँग जति गाढा सम्वन्ध हुन्छ, जीवनात्मा अज्ञानको अन्धकारतिर रूमलिँदै कर्तापनको अनुभूतिले गर्दा झनझन बन्धनतिर अगि बढ्दछ । त्यसैले तत्त्ववित् बनेर मुक्तिको पथिक बनेर अनासक्त जीवन जिउने प्रेरणा यहाँ प्रदान गरिएको छ ।क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका/भावविशारदा हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

जेठ महिनाका पर्व तथा विदा

१ गते मिथुन संक्रान्ति
४ गते गोरखकाली पूजा
६ गते भौमाष्टमी व्रत/गोरखकाली पूजा
९ गते अपरा एकादशी व्रत
१० गते शनि प्रदोष व्रत
११ गते सिथि चःह्रे
१२ गते बटसावित्री व्रत/शनि जयन्ती
१४ गते गोसाइकुण्ड स्नान आरम्भ
१५ गते गणतन्त्र दिवस
१७ गते विश्व धुम्रपान रहित दिवस
१८ गते सिथि नखः/विश्व बुवाआमा दिवस
२० गते भौमाष्टमी व्रत/गोरखकाली पूजा
२२ गते गङ्गादशहरा व्रत/गोसाइकुण्ड स्नान समाप्ति/विश्व वातावरण दिवस
२४ गते निर्जला एकादशी व्रत (तुलसीको दल राख्ने)
२५ गते प्रदोष व्रत
२७ गते पूर्णिमा व्रत
२८ गते ज्यापुन्ही/कवीर जयन्ती
२९ गते विश्व बालश्रम विरूद्ध दिवस
३१ गते विश्व रक्तदाता दिवस

रामराज्यको महिमा

– सहप्रा. डा. विनु बाबा अर्याल

अघिल्लो अंकबाट क्रमशः

श्रीरामले करोडौं अश्वमेद गर्नुभयो र ब्राह्मणहरूलाई अनेकौं दान दिनुभयो। श्रीरामचन्द्र वेदमार्गलाई पालन गर्ने धर्मको धुरीलाई धारण गर्ने इन्द्रको समान हुनुहुन्थ्यो। रामले भाइ छोराहरूको मार्फतबाट राज्य कसरी चलाउनुपर्छ भन्ने शिक्षा दिनुभएको थियो ।।

एकपटक भगवान् रामले लव, कुश, लक्ष्मण, भरत तथा शत्रुग्नलाई राखेर राजनीतिको शिक्षा दिनुभएको थियो । सो अवसरमा आफू बैकुण्ठमा गएपछि शासन चलाउने सम्वन्धमा कुशलाई भन्नुभयो कि, म पछि तिमी राजा हुनेछौ । राज धर्मको पालना राम्ररी गर्नुपर्दछ । यसको लागि झुट बोल्ने, कामी, क्रोधी र परस्त्री गमन गर्नुहुँदैन । निद्रा, आलस्य र मध्यपान तथा धेरै सिकार खेल्नु हुँदैन । सदा पवित्र, दयावान, क्षमाशील, नरम, कोमल स्वभाव र मिठो बोल्ने हुनुपर्छ ।

ब्राह्मण, गाई, सन्त सज्जनलाई माया गर्ने, आफ्ना प्रजालाई छोरा समान पालन गर्ने, राज्यभरि आफ्नो गुप्तचर राखेर जनताको सुख दुःख, राज्यको गतिविधि बुझ्ने गर्नुपर्छ । कसैको पनि भरमा पूर्ण राजघाट छोड्नु हुँदैन। आफ्नो निगरानीमा राख्नुपर्दछ । राज्यभित्र रहेका धनको आय र व्यय स्वयं आफैंले हेर्नु पर्छ। चतुरांश भाग खर्च गर्नु, कुनै विकट समस्या आयो भने तृतीयांश खर्च गर्नु तर आयको आधा कहिले खर्च नगर्नु। मन्त्रीहरूलाई सधैं खुसी राख्नु, धेरै नजिक पनि होइन धेरै टाढा पनि होइन सन्तुलन मिलाउनु पर्छ। राज्यको सैन्यलाई मजबुत बनाउनु, दुर्ग(सीमा)को रक्षा गर्नेसँग कहिल्यै विरोध नगर्नु, राजधानीबाट टाढा कुनै नगरमा बस्ने तथा पर्वत जंगल निवासी, समुद्र, टापु निवासी, किनारा निवासी, विदेशमा बस्ने र कुनै पनि स्थानमा बस्ने मानिसलाई प्रत्येक पक्षबाट राजाले हेरविचार गर्नुपर्दछ ।

गुप्तरूपधारी संन्यासी, अवदूत, अर्को देशका गुप्तचर सित अर्को देशका समाचारदातासित समाचार बुझ्दै रहनु। अर्को राज्यको सेना र आफ्नो राज्यको सेना र आफ्नो राज्यको सैन्य बल बराबर राख्नुपर्दछ। यदि कुनै देशको गुप्तचर आफ्नो राज्यमा घुसेछ भने त्यसलाई कुनै प्रकारको दण्ड नदिनु भनी नीतिशास्त्रमा लेखिएको छ। यदि अर्को देशको दूतलाई भेटियो भने राज्यले त्यसलाई सम्मानपूर्वक छोडिदिनु पर्दछ। आफ्नो सिमानामा रहने निजी दूतलाई बारम्बार शिक्षा दिइरहनु पर्दछ । आफ्नो बल क्रोध र उत्साह राम्रोसित हेरेर विचार गर्नु। शत्रुको पनि बल आदि हेरेर आफ्नो बल, मित्र बल, मित्रको पनि मित्र बल, आफ्नो हितैसीको बल पनि हेरेर राज्यको निर्माण गर्नुपर्छ।

यदि शत्रुका सेनाहरू आफू कहाँ शरण लिन आए भने शरण दिनुपर्दछ। अर्को देशको गुप्तचरलाई नियुक्त गरेर त्यहाँ पर्वत नदीनाला वनजङ्गल शत्रुको बाटो गुप्तचर हिँड्ने बाटो तथा जलाशय आदिको दृष्टि राखेर राम्रोसित बुझ्नु पर्दछ। पहिला आफ्नो राज्यको पूर्ण व्यवस्था गरेर मात्र अर्को राज्यको अध्ययन गर्नुपर्दछ । आफू जहाँ जानुछ त्यो कसैलाई पनि नबताउनु। आफू पूर्व जानु छ भने आफ्नो झण्डा उत्तरपट्टि पठाउने र सेनाको शिविर पनि उत्तरैतर्फ तयार पार्नु र सेना पनि उत्तरैतिर पठाउनु तर आधा कोष अगाडि बढेर फेरि पूर्वतर्फ जता राजा गएका छन् त्यतै जानु। राजाले आफ्नो खर खजाना तोप आदि हातहतियार बाहन सबैको राम्रो प्रकारले सज्जित गर्नु। आफ्नो देश बाहिर जानुपरेमा एक्लै जानु हुँदैन। आफ्नो अङ्गरक्षक र केही सेना साथमा हुनुपर्दछ। एक्लै पनि बस्नु हुँदैन।

आफूलाई कुनै अर्को देशको राजाले भेट्न आएमा

अलि फरक बसेर कुराकानी गर्नु, आफू स्वयं उसित नबस्नु र उसलाई पनि आफूसँग राख्नु हुँदैन । प्रत्येक दिन सभामा एकचोटि या दुईचोटि मात्र जाने गर्नु, विना अपराध प्रजाले दण्ड नपाउन गरेर बस्नुपर्दछ । शिकार खेल्न जाँदा हात्ती र गर्भिणी मृग मार्नु हुँदैन । जुन जीव पानी पिइरहेको हुन्छ, सुतेको हुन्छ र जो भागेर आफ्नो शरणमा आउँदछ, त्यस्ताको सिकार गर्नु हुँदैन । रातको समयमा आफ्नो मित्रको साथ कम्मल ओडेर महलबाट निस्कनु आफू स्वयं गएर या आफ्नो विश्वास पात्रलाई पठाएर हरेक रातमा मानिसको कुरा सुन्नु पर्दछ । सभामा गएको बखत आफ्नो घरायसी काम नगर्नु र घरमा सम्बन्धित कुरा पनि ननिकाल्नु । मूर्खपनबाट रूपैयाँ पैसा लिएर घुस खाएर चोर डाकुलाई छोड्नुहुँदैन । राजाले मान्छे हेरेर या मुख हेरेर इन्साफ गर्नुहुँदैन । अपराध अनुसार कसैलाई जेलमा राखिदिएको भए कुनै कुनै चाडपर्वमा बाँकी कैद माफ गरेर छोडिदिनुपर्दछ । दूतको अपमान भएमा आफ्नो अपमान भएको सम्झनु पर्दछ ।

हे कुश मैले यस प्रकार तिमीलाई सबै राजनीतिको कुरा सुनाइदिए अब बाँकी दैनिकी कार्य छ त्यो पनि भन्दछु । त्यो तिमीलाई सुनाउँदै जानेछु । रामराज्य शासन एवम् प्रशासनको परम आदर्श स्वरूप हो । धर्म एवम् ईश्वरभक्ति रामराज्यको प्राण हो । शासनको सुव्यवस्था प्रजाको सुख सम्पन्नता अनुशासन एवम् सदाचार यो रामराज्य रूपी शरीरको अवयव हुन् ।

रामायणमा भगवान् रामले एउटा धोबीको कुरा सुनेर आफ्नो प्राणतुल्य पत्नी सीतालाई समेत त्याग्नुभएको प्रसङ्ग आउँछ । शासकको काम जनतालाई हर तरहबाट सुखी बनाउने हो । आफूलाई दुःख हुन्छ भने पनि जनताको सुख र खुसीको लागि जस्तोसुकै त्याग गर्नुपर्दछ भन्ने सन्देश यसले दिन खोजेको छ साथै एउटा असल शासकले जनताको अभिमतलाई कतिसम्म सम्मान गर्नुपर्दछ भन्ने ज्वलन्त उदाहरण यस घटनाले पुष्टि गर्दछ ।

त्रेतायुगमा भगवान् रामको शासन सुव्यवस्थाको सर्वत्र चर्चा गरिएको पाइन्छ । अहिले पनि गाउँघरतिर सुख र आनन्दको क्षणलाई रामराज्यको संज्ञा दिनुले उहाँको शासनकालमा जनता कति सुखी र आनन्दित रहेछन् भन्ने अनुमान गर्न सकिन्छ ।

भगवान् विष्णुको दशौँ अवतारमध्ये भगवान् श्रीराम अवतार सातौं अवतारको रूपमा मानिन्छ । यो अवतार विष्णुले त्रेतायुगमा लिएका हुन् । धर्मको रक्षा गर्नको निम्ति भगवान् जब साकार रूप लिएर आउँछन् तिनले मानिस जस्तै व्यवहार गर्दछन् तापनि आदर्शको नमुना बनेर घरपरिवार समाज राष्ट्र विश्वलाई उदाहरणीय देखाउने रामले लिएको शासन प्रणालीले राम राज्यलाई सुनौलो अवसरको संज्ञा दिएको छ । जन्मकल्याणकारी राज्यको उपमा दिनुपर्दा रामराज्य भनिन्छ । रामराज्यको स्वरूपको वर्णन वाल्मीकीयराममायण, अध्यात्मरामायण, आनन्दरामायण एवम् श्रीरामचरितमानसमा गरेको पाइन्छ ।❖

–बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्री

१. सुवेदी देवीप्रसाद, वाल्मीकि र व्यास तुलनात्मक अनुशीलन ।

२. श्री सातकोटी रामचरित्र अन्तर्गत श्री मदानन्द रामायण वाल्मीकीय भक्त हरिबहादुर थापा क्षेत्रीद्वारा अनुवादित हरि भाषा टिका राज्य काण्ड उत्तरार्ध सोह्रौं सर्ग (गौरी मासिकबाट साभार)

३. गौरोला वाचस्पति– कौटिल्य अर्थशास्त्र (वाराणासी, चौखम्बा प्रकाशन१९८१)

४. पण्डित रामेश्वर भट्ट, मनुस्मृति दिल्ली चौखम्बा १९८७ ई

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

बडाबजारमा श्रीरामकृष्ण

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

श्रीरामकृष्णले केही बेर विश्राम गर्नुभयो । यता मारवाडीभक्तहरू छतमा भजन गाउन-बजाउन लागे । आज श्रीमयूर-मुकुटधारीको महोत्सव छ । भोगको सबै आयोजना भइसक्यो । देवदर्शन गर्नका लागि मानिसहरूले श्रीरामकृष्णलाई बोलाएर लगे । श्रीमयूरमुकुटधारीको दर्शन गरी श्रीरामकृष्णले निर्माल्य ग्रहण गर्नुभयो ।

विग्रह-दर्शन गरेर श्रीरामकृष्ण भावमुग्ध हुनुभइरहेको छ । हात जोडेर भन्नुहुन्छ, "प्राण हौ, हे कृष्ण, मेरो जीवन हौ, जय गोविन्द, जय गोविन्द, जय वासुदेव, सच्चिदानन्द ! हे कृष्ण, हे कृष्ण, ज्ञानकृष्ण, मनकृष्ण, प्राणकृष्ण, आत्माकृष्ण, देहकृष्ण जातिकृष्ण, कुलकृष्ण, प्राण हौ, हे कृष्ण, मेरो जीवन हौ ।"

यी कुरा भन्दाभन्दै श्रीरामकृष्ण उभिएर नै समाधिमग्न हुनुभयो । श्रीराम चैटर्जी श्रीरामकृष्णलाई समातिरहेका छन् । धेरै बेरपछि समाधि छुट्यो । यता मारवाडीभक्त श्रीमयूरमुकुटधारीको विग्रह कोठाबाहिर लैजानका लागि आए । भोगको बन्धोवस्त बाहिर नै भएको थियो ।

अब श्रीरामकृष्णको समाधि अवस्था छैन । मारवाडीभक्तहरू बडो आनन्दसाथ सिंहासनमा राखिएको विग्रहबाहिर लाग्दै छन् । श्रीरामकृष्ण पनि सँगसँगै गइरहनुभएको छ, भोग चढाइसकियो, भोगका बखत भक्तहरूले कपडाको आड दिएका थिए । भोगपश्चात् आरती एवम् गाना हुन लाग्यो ।

श्रीरामकृष्ण विग्रहमा चमर व्यजन गर्नुहुँदै छ । भोजन उत्सव शुरू भयो । छतमा ब्राह्मणहरूको पङ्क्ति बसाए, मारवाडीभक्तहरूले श्रीरामकृष्णलाई भोजन गर्ने अनुरोध गरे । श्रीरामकृष्ण बस्नुभयो, भक्तहरूले पनि प्रसाद पाए ।

श्रीरामकृष्ण जानका लागि घरपतिसँग बिदा हुन लाग्नुभयो । साँझ परेको छ र बाटोमा भिड पनि असाध्यै छ । उहाँले भन्नुभयो, हामी गाडीबाट ओर्लिऔँ, गाडीपछाडिबाट घुमेर आएपछि चढौँला ।

बाटोमा जाँदाखेरि श्रीरामकृष्णले देख्नुभयो, पानपत्ती बेच्नेवाला एउटा ज्यादै सानो दोकान के भन्ने, एउटा दुलो जस्तोमा बसेर पान बेच्दै छ । त्यस दोकानमा टाउको धेरै ननिहुरी कोही घुस्न सक्दैनथ्यो । श्रीरामकृष्णले भन्नुभयो, "हेर कति कष्ट छ, यति सानो ठाउँमा बाँधिएर बस्न । संसारीहरूको स्वाभाव पनि कस्तो हुन्छ ! यसैमा तिनलाई आनन्द पनि मिल्छ ।"

गाडी घुमेर नजिकै आयो । श्रीरामकृष्ण, बाबुराम, मास्टर र रामचटर्जी सँगै भित्र गाडीमा बस्नुभयो । अनि छतमाथि सानो गोपाल बसे । एउटी (माग्ने भिखारिनी काखमा बच्चा च्यापेर गाडीअगाडि आएर भिख माग्न लागी । देखेर श्रीरामकृष्णले मास्टरलाई भन्नुभयो, "के पैसा छ ?" सानो गोपालले केही पैसा दिए ।

बडाबजारबाट गाडी गइरहेछ । दीपावलीको बडो धूमधाम छ । अँध्यारो रात झिलिमिली बत्तीमा जगमगाइरहेछ । बडाबजारको गल्ली हुँदै गाडी चितपुर रोडमा आइपुग्यो । त्यहाँ पनि बत्ती जग्मगाइरहेको छ र कमिलासरि मान्छेका

ताँतीका ताँती छन् । सडकका दुवैपट्टिका दोकानहरूको सजावटले मानिसहरू मुग्ध भएर हेरिरहेका छन् । राम्रा भड्किला तस्बिरहरू झुन्ड्याएका छन् । पसलहरूले राम्रा लुगा लगाएर हातमा अत्तर (गुलाब) दानी लिएर गुलाब जल छर्किरहेका छन् । गाडी एउटा अत्तरको पसलको अगाडि आएर रोकियो । श्रीरामकृष्ण पाँच वर्षको बालक जस्तै किसिम-किसिमका तस्बिर र बत्तीहरू देखेर प्रसन्न हुनुभएको छ । चारैतिर मानिसहरूको कोलाहल भइरहेको छ । श्रीरामकृष्ण उच्च स्वरले भन्न लाग्नुभयो, "अरू पनि हेर्दै जाऊ, अघि बढ, अघि बढ ।" अनि हाँस्न लाग्नुभयो । निकै ठूलो स्वरमा हाँसेर बाबुरामलाई भन्नुहुन्छ, "ए किन अघि नबढेको ? तँ के गरिरहेछस् हँ ।" भक्तहरू पनि हाँस्न लागे । उनीहरूले ठाने, श्रीरामकृष्णले भनिरहनुभएको हो कि ईश्वरतर्फ अघि बढ्दै-बढ्दै जानु, आफ्नो वर्तमान अवस्थामै सन्तुष्ट भएर नरहनु । बह्मचारीले दाउरेलाई भनेका थिए अघि बढ्दै जानु । बढ्दै जाँदा उसले क्रमशः चन्दन काठको वन, चाँदीको खानी, सुनको खानी, हीरा-मणि आदि देखेको थियो । यसैले श्रीरामकृष्ण बारबार भन्नुहुन्छ, "बढ्दै जाऊ, बढ्दै जाऊ ।"

गाडी हिँड्न लागेको छ । श्रीरामकृष्णले मास्टरले किनेर ल्याएका धोतीहरू देख्नुभयो । दुई ओटा कोरा नधुलाएको र दुई ओटा धुलाएको धोती थियो । श्रीरामकृष्णले नुहाउने बेला लगाउने खाली आठ-हाते दुई ओटा कोरा धोती ल्याउन भन्नुभएको थियो । उहाँले भन्नुभयो, "यी दुई कोरा धोतीहरू दिएर जानु अनि अर्का दुइ धोती अहिले लैजानु, आफूसँगै राख्नु । चाहे एउटा दिएर गए पनि हुन्छ ।"

मास्टर- हजुर, उसो भए एउटा धोती फर्काएर लगूँ ?

श्रीरामकृष्ण- होइन, त्यसो भए अहिले भइगो । दुइटै लिएर जानु ।

मास्टर- जो आज्ञा ।

श्रीरामकृष्ण- फेरि जब चाहिन्छ, त्यसबखत लिएर आउनु । हेर न, हिजो वेणीपालले रामलालका लागि गाडीमा खाना दिन भनी ल्याएको थियो । मैले भनेँ, "मेरो साथमा कुनै चिज नराखिदिनु, ममा सञ्चय गर्ने शक्ति छैन ।"

मास्टर- हजुर । यसमा के भयो र, यी दुवै सादा धोतीहरू फर्काएर लैजान्छु ।

श्रीरामकृष्ण (सस्नेह)- मेरो मनमा कुनै किसिमको इच्छा पैदा भयो भने तिमीहरूकै भलाइका लागि हो, तिमीहरू सबै आफ्नै हौ, यो आफ्नै कुरा हो, जब चहिएला भनुँला ।

मास्टर (विनयपूर्वक)- जो आज्ञा !

श्रीरामकृष्ण एकजना भक्तको कुरा उठाउनुहुन्छ ।

श्रीरामकृष्ण- मैले उसलाई भनेँ, "भोलि बडाबजार जान्छु तिमी पनि आउनु, परन्तु सुन्यौ तिमीले, उसले के भन्यो, ट्रामको चार पैसा लाग्छ, को गइरहोस् ?" हिजो वेणीपालको घर बैठकमा गएको थियो, त्यहाँ पनि आचार्यगिरी गर्न थाल्यो, कसैले नभनोस्, नसुनोस् आफैँ गीत गाउन लाग्यो, ताकि अरूले ठानून्, ऊ पनि ब्राह्मसमाजको एउटा सदस्य हो । (मास्टरसँग) किन, यो भला लौ के हो ? भन्छ, एक आना खर्च हुन्छ रे ।

त्यसपछि माडवारीभक्तहरूको अन्नकूटको कुरा हुन लाग्यो ।

श्रीरामकृष्ण- (भक्तहरूसँग) यहाँ तिमीले जे देख्यौ, वृन्दावनमा पनि त्यही कुरा हुन्छ । राखाल आदि वृन्दावनमा यही सबै कुरा हेरिराखेका होलान् । तर त्यहाँको अन्नकूट अझ ठूलो हुन्छ । मान्छे पनि धेरै हुन्छन् । गोवर्धन पर्वत छ, यति फरक मात्र हो ।

"परन्तु मारवाडीहरूमा कत्रो भक्ति छ, देख्यौ ? साँच्चै नै यिनमा यथार्थ हिन्दूभाव छ । यही नै सनातन धर्म हो । श्रीठाकुरजीको विग्रह लैजाँदा फेरि, तिमीहरूले देख्यौ, उनीहरूलाई कस्तो आनन्द भइरहेको थियो ? आनन्द यस कारण कि हामी श्रीभगवान्को सिंहासन बोकेर लग्दै छौँ भन्ने सोचेर ।"

"हिन्दूधर्म नै सनातन धर्म हो । आजकल जो जो सम्प्रदायहरू देखिरहेका छौँ यी सब उहाँकै इच्छाले भएका हुन् र पछि लोप पनि उहाँकै इच्छाले हुनेछन् । त्यसैले त म भन्छु, आधुनिक जो सबै भक्त छन्, उनका पनि चरणमा प्रणाम छ । हिन्दूधर्म पहिलेदेखि नै छ, पछि पनि सधैँ रहनेछ ।"

मास्टर घर जाँदै छन् । उनी श्रीरामकृष्णको चरण-वन्दना गरेर सोमा बजारमा गाडीबाट ओर्लिए । श्रीरामकृष्ण आनन्दपूर्वक दक्षिणेश्वरतर्फ गाडीमा जाँदै हुनुहुन्छ ।❖

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

विश्लेषण

वर पीपलः धर्म र विज्ञान

-सुजन पराजुली, कौडिण्य

परम्परादेखि प्रकृति र मानव बिचको सम्बन्ध अन्योन्यास्रित रूपमा चलिआएको छ। मानवले प्रकृति माथि कुनै दया नदेखाए पनि प्रकृतिले भने मानवलाई अति नै प्रेम गरेको छ। त्यहि प्रेमको एउटा ज्वलन्त उदाहारण हो- बर पीपल।

भन्ने गरिन्छ, रातको समयमा पीपलको रूखमा भूत देखिन्छ। तर त्यस भित्रको कारण भने अर्कै छ। जब मानिस रातको समयमा पीपल मात्र भएको स्थानमा जान्छ वा नजिक हुन्छ, उसलाई अक्सिजनको कमि भएर सास फेर्न अति नै गाह्रो हुन्छ। श्वासप्रश्वासमा समस्या भएपछि उसले मनमा अनेक नकारात्मक कुराहरू खेलाउन थाल्छ। मनमा उठेका अनेकौं भावनाले गर्दा ऊ आफ्नै छायासँग पनि तर्सन थाल्छ र भूतको अनुभूति गर्दछ।

पीपल संसारमा अक्सिजन (मानवलाई अति आवश्यक तत्त्व) दिने वृक्षहरू मध्ये दोस्रो ठुलो रूख हो। पीपलले दिउँसो अक्सिजन फ्याँक्दछ भने राति अक्सिजन (O_2) आफूले लिन्छ र बदलामा कार्वनडाइअक्साइड (CO_2) छोड्दछ। त्यसकारण रातको समयमा पीपल मात्र भएको क्षेत्रमा अक्सिजनको कमि हुने हुनाले त्यस क्षेत्र नजिक रहने मानिसलाई सास फेर्न गाह्रो हुन्छ। कतिपयको त त्यहि कारणले मृत्यु समेत हुने गरेको पाइएको छ।

वर र पीपल सँगै रोप्ने प्रथा सदिऔंदेखि चलिआएको छ। विभिन्न स्थानमा गरिएको अध्ययन, अनुसन्धान र खोजबाट जुन गाउँ बस्तीको छेउमा पीपलको मात्र रूख रहेको छ, त्यस क्षेत्रका अधिकतम मानिस रातको समयमा अक्सिजनको कमी भएर मर्ने गरेको पाइयो। रातको समयमा पीपलले मानिसहरूलाई धेरै नै गाह्रो पार्दछ। त्यसैको विकल्पको लागि रातमा पनि अक्सिजनको कमि नहोस् भन्ने हेतुले पुर्खाहरूले वर पीपल सँगै रोप्ने चलन चलाएका थिए। अन्य विरूवा नरोपेर वर नै रोप्नुको धेरै कारणहरू रहेका छन्, जस्तैः

क) वरले रातिको समयमा पीपलले लिने अक्सिजन भन्दा

धेरै अक्सिजन छोड्दछ जसको कारण त्यहाँ वरवरको वातावरणमा अक्सिजनको कमी हुँदैन ।

ख) वरको रूख पनि पीपलको जस्तै लामो आयु भएको वृक्ष हो । जसको कारण समान समयसम्म दुबै (वर र पीपल) रहिरहन सक्छन् । अन्य रूख पीपल भन्दा छिटो मर्ने भएकाले प्रतिकुलता सिर्जना हुन्छ ।

ग) पीपल जस्तै वरको रूख पनि ठुलो हुने गर्दछ त्यसको कारण पनि पीपलसँग वर नै उचित देखिन्छ । ठुलो वृक्षको सेपले छेउमा अर्को वृक्ष हुर्कन पाउँदैन । वरमात्र यस्तो वृक्ष हो जो पीपलसँग अति नै घनिष्ठताका साथ रहन र हुर्कन सक्छ ।

प्रायः पीपलसँग घनिष्ठताका साथ अरू रूख बढेको, हुर्किएको देख्दैनौं र विभिन्न कालमा त्यो प्रयास पनि नगरिएको हैन । तर पनि अन्य वृक्ष हुर्काउने प्रयास सफल भएको छैन ।

ङ) धार्मिक मान्यता अनुसार पनि पीपललाई विष्णुको अवतारका रूपमा पुजिन्छ । स्कन्दपुराणका अनुसार बृन्दाको सतित्व नष्ट गर्न गएका विष्णुलाई पतिव्रता बृन्दाले दिएका श्रापहरू मध्ये वृक्ष हुनु परोस् भनेका कारण नै भगवान् विष्णुले पीपल हुनुपरेको हो । श्रीमद्भगवतगीतामा पनि भगवान् श्रीकृष्ण अर्जुनलाई उपदेश गर्दै भन्नुहुन्छ– अश्वत्थः सर्ववृक्षाणां। अर्थात् सम्पूर्ण वृक्षहरू मध्ये म अश्वत्थ अर्थात् पीपलको वृक्ष हुँ ।

विष्णु मात्र नभएर पीपललाई नौ ग्रह मध्ये शनि ग्रहको प्रतीकका रूपमा पूजा अर्चना गरी जल चढाउने परम्परा हिन्दु धर्ममा रहेको छ । शनि ग्रहको शान्तिका लागि पीपलमा जल चढाउन उल्लेखित मन्त्रको प्रयोग गरिन्छ ।

मूलतो ब्रह्मरूपाय मध्यतो बिष्णुरूपिणे।
अग्रतः शिवरूपाय अश्वत्थाय नमोनमः।

त्यसै गरि हाम्रो वैदिक समाजमा वर पीपलको विवाह पनि धेरै पुरानो परम्परा हो । पीपलको तुलसीसँग र वरको दुबोसँग बिबाह एकै स्थानबाट गरिने गरिन्छ । एकै साथबाट गर्ने विधिले पनि यहि पुष्टि गर्दछ कि वर पीपल सँगै रोप्नु राम्रो हो ।

वर पीपलसँग जोडिएको धार्मिक मान्यता एवम् विश्वासले पनि यी बोटप्रतिको आस्था थप प्रगाढ बनेको पाइन्छ । त्यसै कारण वर्तमान समयमा पनि वर पीपलको वृक्षमा पूजा आराधना गर्ने भक्तजनको उल्लेख्य उपस्थिति हुने गर्दछ ।

धार्मिक र आध्यात्मिक मान्यताका लागि होस् वा भूतको डर देखाएर भए पनि समाजका हरेक मानिसहरूको दीर्घ आयु र सहज जीवनयापनका लागि अति नै दीर्घकालीन सोचका यी यस्ता अनेक उपायहरू अपनाएका छन् । हाम्रा पुर्खाले चालेका यस्ता कार्यका लागि उहाँहरूप्रति हामी कृतज्ञ बन्नै पर्छ । संस्कार संस्कृती आफैंमा कहिले पनि रूढीवादी वा नराम्रो हुँदैन । केहि न केहि शिक्षा, सन्देश र उद्देश्य त्यहाँ लुकेको हुन्छ । त्यसैले त्यसको खोज अनुसन्धान गर्नु अति नै आवश्यक छ ।❖

-चावहिल

बरका औषधीय गुण

- *स्मृति शक्ति बढाउनः बरको बोक्रा छायाँमा सुकाउनू र सुकेपछि मसीनो गरी पिंधी चूर्ण बनाउनु । यो चूर्ण मा दश तोला र बीस तोला मिश्री मिलाई सिसीमा राख्नु । आवश्यकतामा ५ मासा बिहानबेलुका गाईको तात्तातो दूधसँग खानु स्मृतिशक्ति बढ्दछ । अमिलो पीरो खानु हुँदैन ।*
- *खल्बाटमाः आलशको तेलमा बरको पात डढाउनु र बिहान बेलुका खल्वाट (कपालको रौं झरेको) मा लगाउने गर्नु । अलिदिन यो कृया गर्दाले रौं उम्रन थाल्दछ ।*
- *रूघामाः बरको कोपिला छायाँमा सुकाउनु र हल्का कुटेर (दगल्ल्याएर) राख्नु । आवश्यक परेमा ५/६ मासा यसको धूलोमा एक माना पानी हालेर पकाउनु र चोथाई बाँकी रहेपछि छान्नु । यसमा दूध र चिनी मिलाएर पिउने गर्नु, सर्दीगर्मीको रूघा र मगजको दुर्बलता नष्ट हुन्छ ।*
- *बढ्ता निद्रा लागेमाः बरको पात छायामा सुकाई राख्नु । आवश्यकतामा एक तोला पात दुई माता पानीम पकाउनु र आधा माना बाँकी रहेपछि डेड मासा नून मिलाएर बिहान बेलुकी पिउनु । उँघी रहने र बढ्ता निद्रा लाग्नेमा आराम गर्छ ।*
- *नागको घाउमाः बरको ताजा चोप नाकको घाउमा हालिदिएमा घाउ निको हुन्छ ।* (स्रोतः औषध पूर्णचन्द्रोदय)

गायत्री मन्त्रको रहस्य

-सन्तोष न्यौपाने

गायत्री मन्त्र वैदिक सनातन धर्मको अत्यन्त महत्त्वपूर्ण र प्रभावशाली मन्त्र हो । यस मन्त्रको जपले आत्मा, मन, बुद्धि र सम्पूर्ण जीवनलाई शुद्ध, तेजस्वी र सशक्त बनाउने शक्ति हुन्छ । १०८ जप, १२ माला र २४ लाख पुरश्चरण– प्रत्येकको गहिरो वैदिक रहस्य र ज्योतिषीय सन्दर्भ छ ।

१. २७ नक्षत्र × ४ पाद = १०८

वैदिक ज्योतिष अनुसार आकाश मण्डल २७ नक्षत्रमा विभाजित छ, र प्रत्येक नक्षत्रमा ४/४ पाद (अर्थात् चरण) हुन्छन् ।

❑ २७ × ४ = १०८ चरण

❑ तसर्थ, १०८ गायत्री मन्त्रको जप गर्दा सम्पूर्ण नक्षत्र-चक्र शुद्ध हुन्छ ।

❑ नक्षत्रहरू हाम्रो कर्मफल, संस्कार र व्यक्तित्वसँग गहिरो रूपमा सम्बन्धित छन् । १०८ जप गर्दा सम्पूर्ण ब्रह्माण्डीय ऊर्जा सन्तुलित गरिन्छ ।

२. तीन सन्ध्यामा ४-४ मालाः कुल १२ माला

तीन सन्ध्याः बिहान (प्रातः), दिउँसो (मध्याह्न), बेलुका (सायं)– यी तीन समयलाई वैदिक ग्रन्थहरूमा अत्यन्त शुभ मानिन्छ ।

❑ प्रातःकालः आत्मशुद्धि र दिनको शुभारम्भ

❑ मध्याह्नः कर्मशुद्धि र मनोबल सुदृढीकरण

❑ सायंकालः पापकर्महरूको क्षय र चित्तशुद्धि

१२ माला प्रति दिन = १ माला प्रति भाव

जन्मकुण्डलीमा १२ वटा भाव हुन्छन्, प्रत्येक भावले जीवनको कुनै न कुनै पक्षलाई जनाउँछः

❑ १. आत्मा, शरीर, व्यक्तित्व

❑ २. धन, वाणी, कुटुम्ब

❑ ३. पराक्रम, भाइबहिनी इत्यादि

❑ १२. मोक्ष, अन्तिम लक्ष्य

तसर्थ, प्रत्येक दिन १२ माला जप गर्दा जन्मकुण्डलीका सबै भावहरू सकारात्मक बनाइन्छन् ।

३. गायत्री पुरश्चरण = २४ लाख जप

२४ लाख मन्त्र जप पुरश्चरणको मानक संख्या हो ।

❑ १२ भाव × २ लाख = २४ लाख

❑ प्रत्येक भावको शुद्धि र जागरणको लागि २ लाख जप समर्पित गरिन्छ ।

यो अभ्यास अत्यन्त कठोर र तपयुक्त प्रक्रिया हो, जसलेः

❑ ग्रहदोषहरूको शमन गर्छ,

❑ भाग्यको उद्घाटन गर्छ,

❑ आत्मा र बुद्धिलाई दिव्य बनाउँछ ।

४. मन्त्रद्वारा भावशुद्धि

गायत्री मन्त्रको उच्चारणबाट उत्पन्न हुने ध्वनि-कम्पनले शरीरका नाडी प्रणाली, चक्रहरू र सूक्ष्म शरीरहरू (मन, बुद्धि, चित्त) मा सकारात्मक ऊर्जा प्रवाहित हुन्छ ।

यसैलेः

❑ प्रत्येक भाव शुद्ध हुन्छ,

❑ नकारात्मक ग्रह-प्रभाव हट्छ,

❑ मानसिक, आध्यात्मिक, सामाजिक प्रगति हुन्छ ।

निष्कर्षः

गायत्री मन्त्र केवल स्तुति मात्र होइन, यो ब्रह्माण्डको चेतनात्मक ऊर्जा हो ।

❑ १०८ जपले सम्पूर्ण नक्षत्रलाई शुद्ध गर्छ,

❑ १२ माला जपले जन्मकुण्डलीका भावलाई शुभ बनाउँछ,

❑ २४ लाख जपले सम्पूर्ण जीवनको रूपान्तरण गर्छ ।

यसले मानव जीवनलाई ऋषि-मार्गमा लयबद्ध बनाउने माध्यम हो । तपस्या, श्रद्धा र नियमितता हो ।❖

-काभ्रे

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥

हार्दिक समवेदना



जन्मः वि.सं. १९९४
वैशाख २८ गते

स्वर्गारोहणः वि.सं. २०८२
वैशाख ३१ गते

स्व. परशुराम खतिवडा

मेरा पूजनीय पतिदेव परशुराम खतिवडा गत वैशाख ३१ गतेका दिन स्वर्गारोहण हुनुभएकोले उहाँको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । यस दुःखद घडीमा हामीलाई समवेदना प्रकट गर्नुहुने समस्त आफन्त एवम् प्रियजनप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौं ।

श्रीमतीः यशोदादेवी खतिवडा

छोरा/बुहारी

. श्रीमान्/श्रीमती सुनाखरी/टीका कुमारी खतिवडा

श्रीमान्/श्रीमती रामचन्द्र/प्रभा खतिवडा

श्रीमान्/श्रीमती केशवराज/रीता खतिवडा

श्रीमान्/श्रीमती डा. घनश्याम/सिर्जना खतिवडा

छोरी/ज्वाइँ

सीता घिमिरे, खतिवडा/घनश्याम घिमिरे

समस्त खतिवडा परिवार

महायज्ञ विधिपूर्वक सम्पादित भएको पाएको छु

श्री काशीसुमेरू पीठाधीश्वर जगद्‌गुरू शंकराचार्य अनन्तश्री विभूषित स्वामी नरेन्द्रानन्द सरस्वतीजी महाराज;

'यज्ञ वैः शक्ति अशक्ति वैः यागः'

जे शक्ति छ त्यो नै यज्ञ हो, यज्ञ नै शक्ति हो । वेदको आधार कर्मकाण्ड उपासना काण्ड र ज्ञानकाण्ड हो । यसमा ८० प्रतिशत कर्मकाण्ड छ । १६ प्रतिशत उपासना काण्ड छ र ४ प्रतिशत मात्रै ज्ञानकाण्ड छ ।

यज्ञो वैः रुद्र यज्ञो वैः सूर्य यज्ञो वैः विष्णु ।

यज्ञ नै सृष्टिको आधार हो । विश्वको सबैभन्दा पुरानो विधा भनेकै सनातन हिन्दु संस्कृति हो । यो सधैं रहिरहन्छ । सारा संसारको मानवताको चिन्तन मनन र समवर्धन गर्ने विधा नै सनातन हिन्दु संस्कृति हो । यज्ञको माध्यमबाट संसारमा शान्ति सद्भावको निर्माण होस भन्ने सनातन परम्पराको चाहना रहिआएको छ ।

अहिले नेपालको गण्डकी प्रदेशको पोखराको हरिहर क्षेत्रमा आयोजना गरिएको शतकुण्डीया गायत्री गण्डकी कोटीहोम एक प्रकारको कुम्भ जस्तै भएको छ । यस यज्ञको आधार भनेको ऋग्वेद हो । यज्ञको आरम्भमा जलयात्रा अर्थात कलश यात्रा गरिन्छ । यस गण्डकी कोटीहोमको यज्ञ स्थलमा एक हजार कलश र १०० शालग्राम रहेका छन् । यसका साथै हरेक कथा पुराण वेद उपनिषद्‌हरूको प्रवचन भइरहेका छन् । यसको उद्देश्य भनेको विभिन्न मार्गमा छरिएर रहेका सनातनीहरूलाई एउटै झण्डामुनि ल्याउनु हो ।

तर पनि ३ करोड हिन्दु बस्ने ठाउँमा केही विधर्मीहरूले यस सनातन परम्परालाई नष्ट गर्ने उपक्रम थालेका छन् । तर यो मेटिने वाला छैन । जबसम्म चन्द्र सूर्य रहन्छ तबसम्म यो सनातन परम्परा रहिरहनेछ बरू यसलाई मेटाउन खोज्ने आफै मेटिन्छन् ।

पञ्चमुख र १० वटा हातमा हतियार लिएर बसेकी भगवती जसको आधार भगवान् भाष्कर गणपति विष्णु, शिव र शक्ति हुन् । यिनै पञ्चतत्त्वको रूपमा रहेका छन् । शरीरका पञ्चतत्त्व खल्बलिएपछि अनेक रोग लागेजस्तै प्रकृतिको पनि पञ्चतत्त्व बिग्रियो भने प्राकृतिक विपत्ति आइपर्छ । प्रकृति सन्तुलित होस् र सनातनी हिन्दुहरूको कामना पूर्ण होस् भन्ने म चाहन्छु ।

तीन दिन, तीन पक्ष र तीन महिनामा यज्ञ गर्नाले यसको कामना पूर्ति हुन्छ । मैले यी कुराहरू विधिपूर्वक सम्पादित भएको पाएको छु । यो क्षेत्र शालग्राम भगवान्‌को क्षेत्र हो । यहाँ भगवान्‌को जल पञ्चामृत लियो भने मात्र अकाल मृत्युको भयबाट मुक्त भइन्छ । यो भगवान् विष्णु, नीलकण्ठ शिव, अकलादेवी, बिन्दबासिनी माता आदि सबैको पावन भूमि हो । जसले दुष्टहरूलाई तह लगाएका थिए आज हामी ३ करोड भएर पनि त्यति थोरै मानिसहरूले विधर्मी स्वभावमा हामीमाथि शासन गरिरहेका छन्, यस्ताबाट नेपालको रक्षा होस् भन्ने म चाहन्छु ।

सनातन संस्कृतिको लागि एउटा अहिंसात्मक क्रान्तिको सञ्चार हुनु आवश्यक छ । क्रान्तिको सञ्चार नै शान्तिको आधार हो । बिना क्रान्तिको शान्ति नभएको थियो न त हुन्छ नै । यो पावन भूमि द्यौ शान्ति अन्तरिक्ष शान्ति पृथ्वी शान्तिको आधार हो हामीले प्राणी मात्र होइन पृथ्वी वनस्पति सारा कुराको शान्तिको कामना गरेका छौं ।

संसारमा शान्तिको लागि वेदले जुन व्यवस्था गरेको छ, आज त्यसैमा आक्रमण भइरहेको छ । आज संसारका ठूला देश आदिले पनि सनातनीहरू माथि शान्तिको बाटो देखाइदिनका लागि विश्वस्त भएर बसेका छन् । सनातनले देखाएको बाटोमा हिँडियो भने संसारमा शान्ति छाउँछ ।

यसको लागि हामीले निरन्तर रूपमा गायत्री र शान्तिको माला जप्नुपर्छ । यसले हाम्रो नकारात्मक ऊर्जालाई सकारात्मक बनाउँछ । सूर्य उदाउनु भन्दा पहिले ११ मन्त्र गायत्री जप्नुभयो भने तपाईंलाई विशेष ऊर्जा र शक्ति प्राप्त हुन्छ र जे चाहनुहुन्छ त्यो प्राप्त गर्नुहुन्छ । यसो गर्नुभयो भने हामीमा राजशी र तामसी शक्ति हटेर सात्विक शक्तिको उदय हुन्छ । यस किसिमको सात्विक शक्तिको सञ्चयबाट हामी सबैमा विशेष ऊर्जाको प्रादुर्भाव भई तामसी शक्तिलाई जित्न सक्दछौँ । किनभने नेपाल एउटा साधनाको उच्च भूमि हो ।

नेपाल १४ विद्याको साधना स्थल हो । यस साधना स्थलमा विधर्मीहरूले हाम्रो वैदिक यज्ञ र अन्य कर्मको विरोध गरिरहन्छन् तर यज्ञकर्म भनेको सबैलाई फूलले सुगन्ध बाँडे जस्तै सत्कर्म बाँड्ने कार्य हो । हामीले यज्ञमा अग्निलाई अर्पण गरेको मात्राभन्दा लाखौं गुणा पाउने गर्दछौं । यज्ञको आहुतिले पर्यावरणको शुद्धि गर्दछ । शास्त्रको ज्ञान थाहा नहुनेले मात्रै यज्ञको विरोध गर्दछन् । यज्ञ हरेक युगमा थियो । रावण राम दशरथ सबैले यज्ञ गरेर नै इच्छा अनुसारको फल पाएका थिए ।

यो पावन भूमि देवीदेवताको क्रीडास्थल हो । यहाँ व्यास गुफा छ जब यस ठाउँमा अकाल परेको थियो देवी अकलाले ५६ प्रकारका अन्न उत्पन्न गरेर सम्पूर्ण प्राणीहरूको रक्षा गर्नुभएको थियो । यो देश ५०० वटा भन्दा बढी सञ्जीवनी औषधिको खानी हो । यो ज्ञान भक्ति र कर्मयोगको संयुक्त भूमि हो । भगवान्; हरिहर, विन्ध्यवासिनी सबै रूपमा यस ठाउँमा रहनुभएको छ ।

पृथ्वीको रक्षाको लागि मुख्य मुख्य सातवटा पदार्थमध्ये पहिलो स्थान गाईको हो । यज्ञमा हविभाग गाईको हुन्छ । वैदिक मन्त्रको आधार लिएर पञ्चगव्यको प्रयोग यज्ञमा गरिन्छ । गाईको घिउले गरिएको हवनबाट यज्ञकर्ताको मनोकामना पूर्ण हुन्छ । हामीले परमात्मालाई विश्वास गऱ्यौं भने उहाँले पनि हाम्रो कर्म सफल पार्नुहुनेछ । वैदिक सनातनीहरूले दुर्गा पाठ बजरङ्गपाट र देवीको उपासना गर्नुपर्दछ । जब सात्विक पक्ष प्रबल हुन्छ तब तामसी प्रवृत्तिको अन्त्य हुन्छ ।

यदि तपाईँ धार्मिक हुनुहुन्छ भने विजय तपाईँको नै हुन्छ । हाम्रो साधना र संकल्पले हामीलाई विजयी बनाउँछ । नेपाल हिन्दु राष्ट्र भएरै छाड्छ । हिन्दु राष्ट्र भयो भने नेपालले आफूबाट खोसिएको सम्मान पुन फिर्ता पाउँदछ । यस महायज्ञमा स्वाहा, यस प्रवचन मण्डपमा आहा र भोजन कक्षहरूमा आहा यस्तो कोटीहोम अन्त

बिरलै पाइन्छ । यज्ञ केवल आहुति दिने मात्र होइन धर्म संस्कृति र परम्पराको लागि बलिदान पनि यज्ञ हो । राष्ट्र रक्षा सबैभन्दा ठूलो यज्ञ हो । अहिले हामी तीन किसिमको संस्कृति अवलम्बन गरिरहेका छौं । एउटा पहिले थिएन अहिले छ अर्को पहिले थियो अहिले छैन । र अर्को पहिले पनि थियो आज पनि छ र अनन्तसम्म रहिरहन्छ त्यो सनातनी हिन्दु संस्कृति हो । कसैको गलत प्रयासले यो संस्कृति मेटिने वाला छैन । यो सनातन हो । अरू धर्म बीचमा जन्मेका हुन् । जुन बीचमा जन्मन्छन् त्यो मर्छ । सनातनको जन्म भएको होइन । सनातन अमृतो धर्म ।

भागवतको सातौं अध्यायमा भगवान् व्यासले विशेषण लगाएर सनातन कहिल्यै नमेटिने धर्म हो भन्नुभएको छ । उत्तरमा हिमालयदेखि दक्षिणमा समुद्रसम्म पूर्वमा चतुसागरसम्म नेपालको सिमाना हो भनेर २००० वर्ष पहिले नै भनिएकोमा कालक्रमले अहिलेको स्थितिमा आइपुगेको हो । त्यस परिधिभित्र बस्नेलाई सनातन वैदिक हिन्दु भनिन्छ । भगवती गायत्री २४ तत्त्व चौबीस ऋचाका आधार हुन् । उनको जपले शरीरमा विशेष शक्तिको उत्पत्ति हुन्छ र अरू नकारात्मक शक्ति ध्वस्त हुन्छ । गायत्री माताले यस गायत्री महायज्ञ अनुष्ठानमा लाग्ने सबैलाई छुँी शक्ति दिएकी छिन् र दिन्छिन् । सबैले आफ्नो कर्तव्य पूरा गऱ्यौ भने यस कार्य सजिलै सफल हुन्छ । आफ्नो समय र आम्दानीको दशांश यज्ञलाई समर्पित गर्नुभयो भने तपाईंले सोचेकै फल पाउनुहुन्छ ।

पशुपति र गुहेश्वरीको शक्तिलाई जगाएर नै सबै कुरा माथि विजय पाउन सकिन्छ । यसका साथै आफ्नो सनातन परम्पराको १६ वटा संस्कार अपनाउनु पर्दछ । यसले हाम्रो लक्ष्य चाँडै प्राप्त हुन्छ । सबै कुराको सिद्धिको लागि पहिले हामीले गणेशको पूजा गर्नुपर्छ । गणेश बुद्धिका देवता हुन् त्यसपछि सूर्य । सूर्य दृष्टिका देवता हुन् । सम्पूर्ण ब्रह्माण्डको आधारदेवी गायत्री हुन् । चार वर्णहरू एकै ठाउँ र एउटै शक्ति सञ्चय गरी काम गरे अरू कसैले पनि केही बिगार्न सक्दैन । ❖ अनुवादः भागवतश्री न्यौपाने

(उर्धाम्नाय श्रीकाशीसुमेरू पीठाधीश्वर जगद्‌गुरू शंकराचार्य अनन्तश्री विभूषित स्वामी नरेन्द्रानन्द सरस्वतीजी महाराजले दिनुभएको मन्तव्यको संक्षिप्त अंश !)

आवरण परिचयः

पोखरा महानगरपालिका–१७ महतगौडास्थित दुई शताब्दी पुरानो सदाशिव सिद्धेश्वर हरिहर मन्दिर । सेतीनदीको तटमा अवस्थित उक्त मन्दिर र सो मन्दिरले चर्चेको धार्मिक क्षेत्रमा हरिहर मन्दिरसँगै १०८ शिवलिङ्ग, १०८ गौमुखे धारा, लक्ष्मीनारायण, गणेश, शिव, अकला, रामसीता मन्दिर र हवनकुण्ड निर्माण गरी नित्य पूजापाठ सञ्चालन हुँदै आएको छ । किंवदन्तीअनुसार 'तत्कालीन कास्कीकोटका राजा कुलमण्डल शाहलाई सेती नदीस्थित सीताघाटमा स्नान गर्ने क्रममा हरिहरको दर्शन प्राप्त भई सो क्षेत्र देवदेवीको बासस्थान भएको दिव्यवाणी भएपछि खोज्दै जाँदा काफ्ली गाईले दूध चढाइरहेको शिला भेटिएपछि सोही स्थानमा मन्दिर स्थापना गरी नित्य पूजाआजा सञ्चालन गर्न थालिएको हो ।' हरिहरको दर्शन गर्दा आफूले सोचेको पुग्ने हुँदा प्रत्येक वर्ष माघे सङ्क्रान्तिका दिन लाग्ने ढुङ्गेसाँघु मेला, शिवरात्रि, रामनवमीलगायतका विभिन्न पर्वका अवसरमा दर्शनार्थीको भीड लाग्ने गर्दछ ।

१८६४ मा मन्दिर निर्माण गरी महादेवको मूर्तिसमेत स्थापना गरेको मन्दिर परिसरमा अवस्थित शिलाखेलमा उल्लेख छ । पूजा सञ्चालनका लागि बिरौटा फाँटमा रहेको करोडौं मूल्य बराबरको २९ रोपनी १२ आना ६० मुरी माटो बराबरको अब्बल खेत गुठी बक्स भएको लालमोहर अहिले पनि सुरक्षित छ ।

हाम्रो समाजमा अझै पनि केही त्यस्ता अन्धविश्वास र कुरीति छन्, जसलाई सनातन धर्म र संस्कृतिसँग जोडेर अपव्याख्या गरिएको छ । फलस्वरूप त्यस्ता कुरीतिले समाजलाई बिखण्डन गरेको पाइन्छ । सामाजिक कुरीतिको रूपमा जगडिएका यस्ता अन्धविश्वास हटाउन कोही न कोही साहसी व्यक्तिले जोखिम मोल्नु नै पर्ने हुन्छ । यस्तै जोखिम मोलेर सामाजिक बन्धनबाट माथि उठी केवल एउटा निश्चित जाति र लिङ्गमा मात्र सीमित पञ्चेबाजा सबैले बजाउन हुन्छ भन्ने नजीर स्थापना गर्न सफल व्यक्ति हुनुहुन्छ कमला पराजुली भुषाल ।

वि.सं. २०२४ साल साउनमा बुबा लीलाराम पराजुली र आमा खुमादेवी पराजुलीको कोखबाट अर्घाखाँचीमा जन्मनुभएकी कमला पराजुलीले एस.एल.सी.सम्मको औपचारिक शिक्षा हासिल गर्नुभएको छ । वैवाहिक जीवनपछि काठमाडौं चन्द्रागिरीमा बस्दैआउनुभएकी उहाँ हाल अन्य व्यक्तिले राजनीतिलाई सेवा नभइ पेशा बनाएपछि आफू राजनीति छोडेर संस्थामार्फत सामाजिक जागरण र सिजनल रोजगारीतर्फ लागेको बताउनु हुन्छ । यसैबीच उहाँले गर्नुभएको सामाजिक जागरण महिला (नौमती/पञ्चे)बाजाको विषयमा केन्द्रित रही सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको मुख्य अंश तल प्रस्तुत गरिएको छ । सं.

महिलाद्वारा पञ्चेबाजाः सामाजिक रूपान्तरणको सशक्त क्रान्ति

-कमला पराजुली, भुषाल, अध्यक्ष, सिर्जनशील महिला समूह

महिलाहरूको लागि नौमतीबाजा/पञ्चेबाजा बजाउन सिकाउने प्रेरणा हजुरलाई कहाँबाट आयो ?

यस अगाडि म कुनै राजनीतिक दलमा सक्रिय थिएँ । राजनीतिलाई मैले समाजसेवाको रूपमा प्रयोग गरेको थिएँ । राजनीति विशुद्ध समाजप्रति उत्तरदायी भएर गर्नु पर्दछ भन्ने मेरो बुझाइ थियो । राजनैतिक दलले त्यस प्रकारले काम नगरेको हुनाले म राजनीतिबाटै व्याक भएँ ।

पहिला अनौपचारिक रूपमा हामीले २०७४ सालबाट चन्द्रागिरी- ३ मा त्यहींका गृहणी महिलाहरूलाई समेटेर प्रगतिशील बिन्ध्यबासिनी महिला समूह नामको संस्था गठन गरेका थियौं । उनै दिदीबहिनीहरूको अनुरोधमा म आफैं अध्यक्ष बसेको थिए । ८० जनाको समूह बनाएर त्यसको नेतृत्व गर्दैगर्दा 'अनौपचारिक रूपमा चलाउनु भन्दा कानूनी रूपमा दर्ता गरेर चलाउनु उपयुक्त हुनेछ' भन्ने निर्णय गरी पहिलेको नाम परिमार्जन गरी 'सिर्जनशील महिला समूह' भनी दर्ता गर्‍यौं । हाम्रो संस्थामा धेरैजसो ब्राह्मण, क्षेत्री, गुरूङ, मगर र तामाङहरू हुनुहुन्छ । कतिपय त पूजा गर्ने ब्राह्मणको छोरी, बुहारी पनि हुनुहुन्छ । बाजा बजाउने तालिम लिऔं भन्दा उहाँहरूले हाम्रोमा त हुँदैन मार्छन् भन्नुभयो ।

स्थानीय सरकारले हामी महिला कमजोर हुन्छौं, केही गर्न सक्दैनौं भनेर अगरबत्ती बनाउने, गुडिया बनाउने, साबुन बनाउने तालिम दिने चलन थियो । तर मैले हामी त्यसो नगर्ने, बाजा बजाउने तालिम लिन्छौं, हामी बाजा बजाउँछौं भनें । त्यतिबेलासम्म यो बाजा एउटा जाति विशेष र लिङ्ग विशेषमा मात्र थमाइएको थियो । त्यसलाई चिर्दै मैले बाजा बजाउँ भनी निर्णय गराएँ । त्यतिबेला दुई जना तालिम दिने व्यक्ति र हामी तीनजना सिक्ने थियौं । शुरूको चरणमा नजान्दा तालविनाको ठूलो ठूलो आवाज आउने गर्दथ्यो । टोल, वडा हुँदै नगरपालिकामा समेत डिस्टर्ब भयो भनी विरोध आयो । लकडाउनको बेला थियो, बच्चाहरूको अनलाइन पढाइ थियो । त्यस्तो रिपोर्ट भइसकेपछि हामीलाई सिक्ने ठाउँको बारेमा नगरपालिकाले सहयोग गरेन । त्यस्तो विषम परिस्थितिमा पनि हामीले अलिक कोल्टो ठाउँ, कुनै कुनामा गएर ४५ दिनसम्म यो बाजा सिकेर नै छाड्यो ।

हामीलाई वडाले कुनै सहयोग नगरे पनि नगरपालिकामा उपमेयरको बजेटबाट २ लाख रूपैयाँले यो तालिम सिकेका हौं । ट्रेनरलाई दिने पैसा, बाजा किन्ने पैसा, खाजा खर्च, बाजा जुटाउने उपाय हामीलाई केही पनि थाहा थिएन । अन्दाजकै भरमा तालिम लिई हामीले बाजा बजाउन जान्यौं ।

शुरूशुरूमा हामीलाई मोबिलाइज गर्ने मानिस पनि भएन । आफ्नै सर्कलबाट आफ्नै बुद्धिविवेकले हामी मोबिलाइज हुन थाल्यौं । विस्तारै विस्तारै हामीलाई मिडियाले साथ र सहयोग दिनुभयो । त्यसको लागि म अहिले पनि उहाँहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । केही अगाडि बढिसकेपछि धर्मगुरु बालयोगेश्वर महाराजजीसँग हाम्रो सम्पर्क भयो । उहाँले धेरै ठाउँमा लगेर हामीलाई देखाइदिनुभयो, चिनाइदिनुभयो । उहाँलाई पनि एकदमै धन्यवाद भन्न चाहन्छौं । शुरूमा अप्ठ्यारो भए पनि अहिले सहज हुँदैछ । अहिले हामीलाई नेपालभरिबाट सम्पर्क गर्नुहुन्छ । कति कार्यक्रम त नभ्याएर क्यान्सिल गर्नुपर्ने अवस्था छ ।

अहिले तपाईंको मातहतमा कतिवटा समूह छन् ? कतिले रोजगारी पाएका छन् ?

अहिले हाम्रो मातहतमा तीनवटा समूह छन् । धादिङको समूह अत्यन्तै सक्रिय छ । अफ्ट्यारो पर्दा कहिले काहीं समूहमा एक दुईजना पुरुष पनि थप्नुपर्ने हुन्छ । हामीले शुरू गरेपछि अन्य दिदीबहिनीहरूले पनि यो अभियान सञ्चालन गर्न थाल्नुभएको छ । महिला बाजा समूह भनेर उहाँहरूले पुरुष सदस्य पनि राख्नु भएको छ । यो विकृति पनि छ । मेरो मान्यता के छ भने विशुद्ध महिलाले मात्र बजाउने, आखिर पुरुष किन राख्ने ? समूहमा आवद्ध बाहेक सिजनल रूपमा हामीले अन्य धेरै जनालाई रोजगारी दिएका छौं । हाम्रो साधारण सभा वार्षिकोत्सब आदि कार्यक्रममा यो कुराको जानकारी गराउँदै आएका छौं ।

समाजमा एक प्रकारको चेतना फैलाउन क्रान्ति नै गर्नुभएको छ । यो क्रान्ति गर्ने क्रममा यहाँलाई के कस्ता व्यवधानहरू आइपरे ?

समाजमा कथित तल्लो जातका भनी हेपिएकाले बजाउनुपर्ने बाजा म जस्ता बाहुनको छोरी (मेरा बाबाले अण्डा पनि नखाइकन बित्नुभयो) ले बजाउन शुरू गर्दा अवश्य नै निकै चुनौतिको सामना गर्नुपरेको थियो । गाउँमा कार्यक्रम हुँदा बस्नको निम्ति आगनमा पराल ओछ्याइदिएर राख्ने यसरी हेपिएका वर्गले बजाउने बाजा आज हामीले बजाएका छौं, कति तिरस्कार सहनुपर्‍यो होला ? अनुमान गर्न सक्नुहुन्छ । त्यो बाजा छोइस् भने तलाई भित्र छिर्न दिन्न भन्ने बुबाकी छोरी हुँ म । रामायण महाभारत आदि इत्यादि पुस्तकहरू पढ्ने एकदम धार्मिक हुनुहुन्थ्यो मेरो बुवा । मैले यस्ता बाजा बजाउँदै गर्दा मेरा कुलकुटुम्ब, घरपरिवार, गाउँसमाज, नातेदार आदिले 'तैले एकदमै गलत गरिस्' भने । 'हाम्रो कुल खानदानमा महिलाले बाजा बजाउनु हुँदैन, नराम्रो हुन्छ' भन्न थाले । कोही लड्यो भने पनि, कालगतिले कोही मर्‍यो भने पनि तैले नरसिंह बजाएकोले त्यसो भएको भन्न थाले । तर, जसले जे भने पनि म आफ्नो कार्यमा अडिक रहें । यसका लागि मैले ठुलो संघर्ष गरें । हाम्रो पुरातनवादी सोच भएको समाजमा पुरुषहरूले हामीलाई हेयको दृष्टिकोणले हेर्ने गर्दथे । 'यी महिलाले कदापि पञ्चेवाजा बजाउँदैनन्; नगरपालिकाको पैसा पचाउन लागेका हुन्' भन्ने गर्दथे ।

यो अभियानमा लागेपछि यहाँहरुलाई के कस्ता फाइदा भए जस्तो लाग्छ ?

हामीलाई धेरै किसिमको फाइदा भएको छ । मैले एकपटक डक्टरसँग बाजा बजाउँदा स्वास्थ्यमा केही समस्या पो हुन्छ कि भनी सोध्दा उहाँले यो त स्वास्थ्यको लागि राम्रो भएको बताउनुभयो । हुन पनि हो, यसले हाम्रो शरीर स्वस्थ भएको छ । हामी सनाही फुक्छौं, ट्याम्को बजाउँछौं, हामीलाई कसरत भइरहेको छ, आर्थिक रूपमा पनि राम्रै भएको छ । बेरोजगार महिलाहरूलाई केही मात्रामा भए पनि रोजगारी दिन सफल भएका छौं । आज 'म बजार जान्छु, पैसा दिनुस्' भनेर अरूसँग गुहार्नुपर्ने अवस्था छैन । कसैसँग हात फैलाउनु परेको छैन । उहाँहरू खुसी हुनुहुन्छ ।

मुख्य कुरा महिलाहरूको उन्नति प्रगति भएको छ । स्टेजमा गएर बोल्न सक्छु भन्ने आत्मविश्वास जागेको छ, क्षमताको विकास भएको छ । अहिले समाजमा बाजा बजाउन लागेपछि पुरुषहरूको पछि होइन उहाँहरूको अगाडिअगाडि हिड्ने भएका छौं । समग्रमा भन्दा हामीलाई

तीनवटा 'स'- आर्थिक सम्पन्नता, स्वास्थ्य र सम्मान प्राप्त भएको छ ।

हजुरहरूलाई कुनै कार्यक्रममा सहभागी गराउन चाहेमा कतिको खर्चिलो हुन्छ ? पारिश्रमिकको के व्यवस्था छ ?

तपाईले स्पष्ट रूपमा बुझ्न चाहनुभएकाले मैले स्पष्ट रूपमै बताउनु पर्छ । काठमाडौँको हकमा एउटा विवाहको कार्यक्रममा हामी महिला नै महिला सहभागी भयौं भने आउने जाने खर्च बाहेक नौमती बाजाको ६० हजार रूपैयाँ लिने गरेका छौं । महिला बाहेक एकदुईजना पुरुष थपिनु भयो भने ५५००० रूपैयाँसम्ममा सहभागी हुने गरेका छौं । हाम्रो आफ्नै विधान छ, आफ्नै विधि छ । अरूसँग हामी तुलना गर्दैनौं । कति महिला टोलीहरू हुनुहुन्छ उहाँहरू ७०/८० हजार रूपैयाँ पनि लिनुहुन्छ । तर हामी समाजलाई हेरेर काम गर्छौं । चल्दो रेट लिएका हुन्छौं ।

सामाजिक कार्यहरू धार्मिक र्‍यालीहरू अथवा मठ मन्दिरको कार्यक्रममा आह्वान गर्नुभयो भने २५-३० हजार लिन्छौं । सबैलाई एउटै नजरले हेर्नु हुँदैन । धर्मगुरूले पनि के गर्नुभएको छ आफ्नो परिवार पाल्ने काम मात्र गर्नुभएको छ या हाम्रा बालयोगेश्वर स्वामीजीले जस्तै विभिन्न दुर्गम क्षेत्रका विपन्न बालबालिकालाई पाल्नुभएको छ, त्यो पनि हेर्नुपर्ने हुन्छ । धर्मगुरूको नाममा पहेला वस्त्र लगाएर केवल आफ्नो परिवार पाल्ने काम गरेका पनि भेटिन्छन् । त्यसकारण आयोजक या संकल्पकर्ताले कस्तो काम गरेका छन् ? त्यसलाई समेत विश्लेषण गरेर हामीले हाम्रो पारिश्रमिक निर्धारण गर्ने गर्दछौँ ।

पेशाको निम्ति कार्यक्रम आयोजना गरेको देखियो भने अलि पैसा माग्नुपर्ने अवस्था पनि आउन सक्छ, बालयोगेश्वर जस्ता गुरूले बोलाउनुभयो भने हामी अत्यन्त न्यून शुल्कमा पनि काम गर्न तयार हुन्छौं । एकदिनको कार्यक्रममा हामी जति लिन्छौं, सात दिनको कार्यक्रममा त्यसको सात गुणा नभई त्यसमा मिलाएर शुल्क लिने गरेका छौं ।

अन्तिममा यस गौरी मासिक पत्रिकामार्फत यहाँले भन्नैपर्ने केही छ कि !

मैले यो पत्रिका यसअगाडि खासै हेरेको रहेनछु । अध्ययन नगरिकन यस पत्रिकाको विषयमा त बोल्न सक्दिन। सर्वप्रथम सिर्जनशील महिला नौमती बाजाको तर्फबाट यो पत्रिकालाई धेरै धेरै शुभकामना प्रदान गर्दछु । दोस्रो कुरो कतिपय पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमले हाम्रो धारणा नबुझी सामग्री प्रकाशन प्रशारण गरेको र त्यसबाट नकारात्मक सन्देश प्रवाह भएको तीतो यथार्थ छ । तसर्थ यस पत्रिकामार्फत हाम्रो सन्देश ठिक ढंगले पुर्‍याउनुहुनेछ भन्ने आशा लिएकी छु ।❖

पर्वत (पार्वती जन्मभूमि) पाङको पार्वती गुफा

भुवन राज सुवेदी शास्त्री

कास्की-पोखरादेखि झण्डै ५७ कि.मी. पश्चिम पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजारदेखि झण्डै ९ कि.मी. पश्चिमोत्तर पाङ "उपत्यका"मा "पार्वती गुफा" अवस्थित छ । साविक नाम भूना रहेको त्यो गुफा माता पार्वतीसँग जोडिन्छ । त्यो गुफामा सत्ययुगमा पार्वतीले "विष्णुका"साथ विवाह गर्न माता-पितासँग असहमत भएर आफ्ना सखीहरूको साथमा दरबारबाट भागेर (लुकेर) शिवजीको आराधना (तपस्या) गरेको अनुमान गरिएको छ ।

"पाङ" कृष्ण गण्डकीको वामभागमा अवस्थित मध्यनेपालको अत्यन्त मनमोहक "उपत्यका" (दक्षिण भागमा कृष्ण गण्डकीले गहिराएकोले उपत्यका भनेर प्रख्यात भएको छैन) हो । "मधेशको दाङ पहाडको पाङ" हामीले बाल्यकालदेखि सुन्दैआएका छौं । "देउपुरको जस्तो खेती र पाती बाजुङको जस्तो गाउँ, उराठै लाग्ने दुलुङे डाँडो मोहनी लाग्ने पाङ" अहिले पनि गीतका लयमा गायकहरूले गाएकै छन् । पूर्वमा क्यादी खोला पश्चिमा थाप्लेको भञ्ज्याङदेखि तल फर्से कृष्ण गण्डकीसम्म उत्तर हर्पनको लेख (हलले) टुहुरेको लेख एवम् दक्षिण कृष्ण गण्डकी यतिखेरको पाङ हो । अहिले हजारौं वर्षमा कति पानीले माटो बगायो, खोल्सा बने, खोला पलाए र पनि "पाङ" रमाइलो मनमोहक नै छ । प्राचीन समयमा ठूलो "पाङ उपत्यका" थियो । गण्डकी एक वर्षमा कति मीटर गहिरिएकी छन् त्यसैबाट अनुमान गर्न सकिन्छ ।

परापूर्व कालमा म्याग्दी, बाग्लुङ, बेलबा, फलेबास, झादी, सिल्मी, राम्जातिलाहार, चुवा, कुस्मा, खुरकोट, पाङ, मल्लाज सबै बराबर थियो । कृष्ण गण्डकी अहिले कागवेनीदेखि जोमसोमसम्म जसरी बगेकी छन्, पाङ उपत्यकाका फाँटमा त्यसैगरी बगेकी हुनुपर्दछ । पार्वतीको समयमा पाङको लाखे नचाउने डाँडा र मल्लाज वरावर सम्म थियो भन्ने "शालिजा" ले पुष्टि गर्दछ । शैल-पुत्री सखीहरूसँग खेल्ने ठाउँ शैलजा-शैलजा भन्दाभन्दै "शालिजा" भएको हो । किन कि पुलह र पुलस्त्य ऋषिको आश्रम पुला चौरको समानन्तर उचाईमा कृष्ण गण्डकी (शालिग्रामनदी) भएको पौराणिक प्रमाण पाइन्छ । अहिले देखिने खोला-खोल्सा सबै गर्भमै थिए ।

पर्वतराज हिमालयको राजधानी पाङ उपत्यकामा थियो भने, राज्य धेरै ठूलो, सायद अहिलेको नेपाल भन्दा पनि धेरै विशाल थियो होला । स्वायम्भुव मनुका जेठा छोरा प्रियव्रतको वंशमा राजर्षि ऋषभ देव "अजनाभवर्ष" का राजा भए । उनको राजधानी पनि सम्भवत "पाङ उपत्यका"मा नै भएको यसकारण पुष्टि हुन आउँछ कि उनका जेठा छोरा राजा भरतले सारा जम्बूदीप (झण्डै पुरै एशिया) जितेर चक्रवर्ती सम्राट भए । त्यसपछि अजनाभ वर्षको नाम बदलेर आफ्नो नामबाट "भारतवर्ष" नाम राखे । "अजनाभं नामैतद्वर्षं भारतमिति यत आरम्य व्यपदिशन्ति ॥ (भा ५-७-३) अर्थ- पहिले यस राज्यको नाम "अजनाभ वर्ष" थियो । भरतको राज्यकालबाट "भारतवर्ष" नाम राखियो । "तेषां वै भरतो जेष्ठो नारायण परायणः । विख्यातम् वर्षमेतद् यन्नाम्ना भारतमद्भुतम् ॥ (भा ११-२-१७) अर्थ- ऋषभ देवका पुत्रहरू (सयभाइछोराहरू) मा सबैभन्दा जेठा राजर्षि भरत थिए । उनी भगवान् नारायणका परमप्रेमी भक्त थिए । उनैका नामबाट यो भूखण्ड (जो पहिले अजनाभवर्ष थियो) "भारतवर्ष" प्रसिद्ध भयो । भारत वर्ष पनि एक अलौकिक स्थल हो । राजर्षि भरतले चक्रवर्ती सम्राट भएर जम्वूदीप (झण्डै एशिया महादेश) मा राज्य गरे । अरू नौ भाइहरूले पनि राज्य गर्छौं भने पछि भरतले "भारतवर्ष" लाई "दश खण्ड" गरे । एक खण्ड आफूले राज्य गरे (भरतखण्ड) अरू नौ खण्ड नौ भाइहरूलाई दिए । "अङ्ग, बङ्ग,

कलिङगेषु सौराष्ट्र मगधेषु च........। **दक्षिण पश्चिम भाग, नवदीप आदिमा भाइहरूलाई बाँडिदिए । ऋषभदेवका एकासी छोराहरू वेद-वेत्ता कर्मकाण्डका रचनाकार ब्राह्मण भएर गृहस्थ बने । बाँकी नौ भाइहरू योगेश्वर संन्यासी भए ।**

"कविर्हरिरन्तरिक्षः प्रबुद्धः पिप्लायानः ।
आविर्होत्रोऽथ द्रुमिलश्चमसः करभाजनः ॥ (भाः ११-२-२१)

अर्थ- कवि, हरि, अन्तरिक्ष, प्रवुद्ध, पिप्पलायन, आविर्होत्र, द्रुमिल, चमस र करभाजन । यिनीहरू मनका गतिले जहाँ पनि पुग्न सक्ने योगेश्वर थिए । एउटै बाबु आमाका जेठा १० छोरा क्षेत्री भएर राज्य गरे । बीचका ८१ छोराहरू वेद ज्ञाता ब्राह्मण भएर कर्मकाण्डको रचनाकार कर्मकाण्डी भए । बाँकी नौ छोराहरू ब्रह्मर्षि भन्दा माथि मनका गतिले जहाँ पनि पुग्न सक्ने योगेश्वर भए ।

राजर्षि भरत, एवं वर्षायुतसहस्र ....पुलहाश्रमं प्रवव्राज ॥
(भा ५-७-८)

अर्थ- यस प्रकार करोड वर्ष भएपछि राज्यभोगको प्रारब्ध क्षीण भएको जानेर आफूले भोग गरेको राज्य वंशपरम्परागत सम्पत्तिलाई यथायोग्य पुत्रहरूमा बाँडे । सर्वसम्पत्ति सम्पन्न राजमहलबाट निस्केर उनी पुलह आश्रम (हरिहर क्षेत्र) मा हिँड्दै आए ।

"यत्र ह वाव भगवान्......संनिधाप्यत इच्छारुपेण ॥ (भा ५-७-९)

अर्थ- यस पुलहाश्रम (पुलाक्षेत्र) मा बस्ने भक्तहरूमा भगवान्को धेरै नै बात्सल्य छ । भगवान् अहिले पनि त्यहाँका वासिन्दाहरूसँग इष्टरूपमा मिलिराख्नु हुन्छ ।

यत्राश्रमपदान्युभयतो.....सर्वतः पवित्री करोति ॥ (भा ५-७-१०) **अर्थ- त्यहाँ चक्रनदी (कृष्ण गण्डकी) नामकी प्रसिद्ध नदी चक्रकार शालग्राम शिलाहरू जसका तल माथि दुवैतिर चक्र हुन्छन्, सबैतिरबाट ऋषिहरूका आश्रमहरूलाई पवित्र गरिरहन्छिन् । राजर्षि भरत राज्य भोग-ऐश्वर्य सबै छोडेर "कल्पवास" बस्नको लागि पुलस्त्य र पुलह ऋषि आश्रमको नजिकै राहुघाट गलेश्वर चक्रनदीको तिरमा आश्रम बनाएर संन्यासी जीवन बिताउन थाले । राजर्षि भरत "योग चित्तवृत्ति निरोध" हुँदै तपस्या गरेका थिए । एक दिन कृष्ण गण्डकीको तिरमा सन्ध्या वन्धन गरिरहेको वेलामा अचानक बाघले लखेटिएकी गर्भिणी मृगी भयवसात् उफ्रेर गण्डकी तर्न लाग्दा बच्चा भरत अगाडि झर्‍यो । मृगी भने गण्डकी पारि पुगी उतै हराई । राजर्षि भरतले त्यो "मृग शावक" लाई उठाए आश्रममा ल्याए गाईको दुध खुवाएर पाले । ऋषिको दिनचर्या त श्रीकृष्णको ध्यान भन्दा बढि मृगमा भयो । कालको गतिले राजा भारत मृग स्मरण गर्दै देह त्याग गरे ।**

राजर्षि भरत "कालञ्जर पर्वत श्रृङ्खलाको वनमा मृग भएर जन्मिए । राजर्षि भरतलाई आफ्नो भूत कालको स्मरण भयो कहाँ त्यत्रो राज्य वैभव छाडेर तपस्या गर्दा गर्दै भगवान् प्राप्तिको ठाउँमा मृगयोनी पो प्राप्त भयो । त्यहाँबाट उनी पुरानै आश्रम आए ।

"इत्येवं निगूढ निर्वेदो..........कालञ्जरात्प्रत्याजगाम ॥
(भा -५-८-३०)

अर्थ- यस प्रकार मृग बनेका राजर्षि भरतको हृदयमा जुन वैराग्य-भावना जाग्रत् भयो । त्यो भावलाई लुकाएर आफ्नी आमा मृगी र आफ्नो जन्मभूमि कालंजर पर्वतदेखि उहि शान्तस्वभाव ऋषिमुनिहरूको प्रिय शालग्रामतीर्थमा जुन भगवान्को क्षेत्र हो । पुलस्त्य र फूलह ऋषिको आश्रम नजिकै (आफ्नै पुरानो आश्रममा) आए । त्यहाँ पनि उनी

"तस्मिन्नपि काल प्रतिक्षमाण.....तीथोर्दकक्लिन्नमुत्ससर्ज ॥
(भा ५-८-३१)

अर्थ- त्यहाँ पनि उनी कालको मात्रै प्रतीक्षा गर्न लागे । आसक्तिदेखि डर लाग्न थाल्यो । एक्लै बसेर सुकेका पात-घाँस खाएर प्राण धान्ने र मृगयोनी प्राप्त गराई दिने प्रारब्धको क्षय हुने समय पर्खेर बसे । अन्तमा उनले आफ्नो मृग शरीरको आधाभाग काली गण्डकीको जलमा डुबाएर आफ्नो मृग शरीरलाई छोडे । फेरि मनुष्य योनीमा जन्मे ।

अथ कस्यचिद् द्विजवरस्याङ्गिरः ...भार्यायाम् ॥
(भा ५-९-१)

अर्थ- आँगिरस गोत्रमा शम, दम, तप, स्वाध्याय, त्याग (अतिथि आदिलाई अन्न दिने), सन्तोष, तितिक्षा, विनय, विद्या (कर्म विद्या), अनसूया (अर्काको गुणहरूमा दोष नखोज्नु), आत्मज्ञान एवम् आनन्द सबै गुणले सम्पन्न एक श्रेष्ठ ब्राह्मण थिए । उनकी जेठी श्रीमतीबाट उनीजस्तै उदार गुणवान् नौ छोराहरू जन्मेका थिए । एवम् उनकी कान्छी श्रीमतीबाट एकै साथ जुम्लिया छोरा र छोरी जन्मे ।

"यस्तु तत्र पूमांस्त.............विप्रत्वंगतमाहुः ॥ (भा.५-९-२)

अर्थ- जुम्लिया छोरा चाहि परम भागवत राजर्षि शिरोमणि भरत नै थिए । मृग शरीर त्यागेपछि ब्राह्मण भएर जन्मिए । राजर्षि भरतलाई आफ्नो अतीत पूर्वजन्मको यथार्थताको ज्ञान थियो । अब यस जन्ममा अर्को कुनै गल्ति गर्न हुँदैन भनेर सर्वज्ञ भएर पनि लाटो, बहिरो, बहुला जस्तै भएर हिँडे । प्रारब्ध अनुसार मनुष्य योनीको काल पर्खेर केवल अच्युत श्रीकृष्ण आफ्नो चारैतिर देखेर हिड्दथे । अरूले देख्दा मूर्ख "जडभरत" भएका थिए ।

त्यसै समयमा "अजरवैजानका राजा रहुगण".. (अजरवैजानका राजा यो श्री श्री चैतन्य चरितावलीमा उल्लेख छ) वेदान्त श्रवण गर्नको लागि ऋषि श्रेष्ठ याज्ञवल्कको आश्रममा जाने क्रममा संयोगवस राजाको "पाल्की" बोक्न परेको थियो । अवश्य पनि याज्ञवल्क ऋषिको आश्रम पनि पाङ उपत्यका कृष्ण गण्डकीको तिरमै हुन पर्दछ । जड भरतले पाल्की बोक्न राम्ररी जानेन् । पाल्की धेरै हल्लियो राजालाई कष्ट भयो, राजाले गालि गरे; ठिकसँग बोकेर हिड्न भने । तर "जडभरत" आफ्नै स्वाभावमा हिँडे । राजाले धेरै हप्काउँदा पनि जडभरतको मुखमण्डलमा लेस मात्र पनि प्रभाव नपरेको देखेर राजाले फेरि हपारे, 'हे मूर्ख ! मैले यति हपार्दा पनि तँ यति निर्धक्कसँग हिडिरहेको छस्, तँलाई प्राणको भय छैन ?' "जडभरतले" हाँस्दै उत्तर दिए- 'राजा तपाईले कसलाई गाली गर्नु भयो ? मलाई कि मेरो शरीरलाई ? यदि तपाईले मलाई गालि गर्नु भएको र प्राणको डर देखाउनु भएको हो भने तपाईले मलाई तरवारले पनि काट्न सक्नु हुन्न । यदि तपाईले मेरो शरीरलाई गालि गर्नु भएको हो भने मलाई यस शरीरप्रति कुनै मोह छैन, किन म तपाईसँग रिसाउँ ? या तपाईको धम्कीबाट विचलित बनूँ ।' राजा जडभरतको एक वाक्यले नै नतमस्तक भएर पाल्की रोकेर शरणागत हुन्छन् । जडभरतको उपदेश सुनेर दरवार जान्छन् । यो सबै भावगतमा छ ।

जडभरत कहिले कसैसँग मुख नलागेका "आफ्नै जन्म दिने पिताले यज्ञोपवित धारण गराउँदा, गायत्री मन्त्र जप भन्दा पनि वास्ता नगरेका, एवम् डाँका भिल्लहरूले भद्रकाली देवीलाई बलि दिन लाग्दा खड्ग उचाल्दा मुख मण्डल कत्ति पनि नविगारेका "जडभरत" पाल्की हल्लेर राजाले हपार्दा किन बोले ? आश्चर्य लाग्ने विषय पक्कै छ । विधिको विधान र भाग्यको चमत्कार "रहुगण राजा" भरतले कल्पवासको आश्रममा पालेको "मृगशावक" थिए र मृगयोनी व्यतीत भएपछि राजर्षि भरतको सत्सँगले राजकुमार भएर जन्मन पुगे भने राजर्षिभरतले दया लागेर नदीमा बग्नै लागेको बच्चा पालेको सजाय (दण्ड स्वरूप) मृग योनीमा जन्मनु पऱ्यो । जडभरतले आफूले पालेको मृगको प्रगति देखेर उपदेश दिए ।

सत्संगको महिमा पशुयोनीको मृग ऋषिको काखमा पालिनु भाग्य वृद्धि हुँदा राजा भएर जन्मनु फेरि ज्ञानको खोजिमा हिडेका हुदाँ त्रिकालदर्शी "जडभरतऋषि" को काँधमा पनि बोकिन पाउनु धन्य विधाता, धन्य प्रारब्धको खेल । रहुगणको यात्रा अजै माथि कहाँ सम्म पुग्छ ? जडभरतलाई प्रारब्धको फल अनुसारको मनुष्ययोनी सकिएपछि भगवद् प्राप्ति हुन्छ ।

पाङको "पार्वतीगुफा"देखि पुलस्त्य एवम् पुलह आश्रम, गलेश्वर आश्रम झण्डै १६-१७ कि.मी. दूरीमा पर्दछ । माथि लाखे नचाउने डाँडा जहाँ पवर्तराज हिमालयको दरवार भएको अनुमान गरिएको छ, त्यहाँबाट पनि १६-१७ कि.मी. जतिमा पुलस्त्य ऋषिहरूका आश्रमहरू अवस्थित छन् । कृष्ण गण्डकी जलधार भन्दा लगभग १ किलो मिटर (भर्टिकल) उचाईमा पार्वतीगुफा, पाङका फाटहरू छन् ।

त्यस्तै "पार्वती जन्मेको दरबार" पनि पार्वती गुफादेखि एक कि.मी. (भर्टिकल) उचाईमा पर्ला । पुराना वस्ती (गाउँहरू) अहिलेका लेकहरूमा थिए र तल-तल सर्दै आएका छन् । पाङ उपत्यका प्राचीन कालदेखि राजाहरूको "राजधानी" रहँदैआएको वर्तमान कालखण्डमा बडामहराजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा पनि चारैतिरका २२ से २४ से राज्यहरू जित्दै गर्दा ३ राज्य- पर्वत, पाल्पा र लमजुङ एकीकरण गर्न धेरै मुस्किल भएको थियो ।

पर्वतका राजाको राजधानी यही पाङ हो र राजाको दरबार "पिपले खेत माथि गुफा भन्ने ठाउँमा थियो । पञ्चायती व्यस्था रहुन्जेल पनि केही राजाहरूका दरसन्तानले राज्यबाट "माना चामल" पाउँथे । राजदरबारका विशेष कार्यक्रममा निमन्त्रणा गरिन्थ्यो । पर्वतका राजाले पनि पाउँथे । पर्वतका माना चामल पाउने अन्तिम राजा दुर्गाबहादुर वममल्लकी रानी र हाम्रो आमा सैना-सैना

(ज्योतिषीले दिन हेरेर मित लगाएका थिए) । दशैंमा दरवारमा टीका लगाउन जाँदा आमासँग म पनि सँगै गएको थिएँ । पछि त्यो दरवार भत्क्यो । भाइहरूमा मुद्दा चल्यो र त्यसको संरक्षण हुन सकेन ।

पाङमा धेरै उर्वरा खेतका फाँटहरू छन् भने त्यस्तै टारहरू पनि छन् । उत्तरदेखि दक्षिण भिरालो पर्दै गएकोले पुरै पाङमा विहान सूर्योदयदेखि साँझ सूर्यास्तसम्म घाम लाग्दछ । त्यत्रो विशाल पाङलाई कुनै ठूलो डाँडाले छेक्दैन । त्यसैले भित्री पहाडको उपत्यका नै हो । यस्तो मनमोहक पाङको झण्डै विचोविच मध्यभागमा (झण्डै चारैतिरबाट) "पार्वती गुफा" भूमिगत गुफा हो यस्तो गुफा कहिं देखिएको छैन । गुफाको माथिबाट मोटर बाटो दायाँ बाँया खेतका फाँटहरू छन् । उत्तरतिर भिरालो खेतको फाँट छ । दक्षिणतिर "तल्लो पाङ" नामका खेतका फाँटहरू छन् । गुफाको माथि पीच सडकमा मोटरबाट उत्रेर (सिढी १५०, १५५ जति) तल जानु पर्दछ । अहिले गुफा भित्र सानो मन्दिर निर्माण गरेर गत वैशाख १६ गते देखि १८ गतेसम्म पार्वती देवीको प्राण प्रतिष्ठा भव्य रूपमा सम्पन्न भएको छ । पर्वत कुस्माबाट गाडीले १५ मिनेटमा पुगिन्छ ।

पाङको अर्को विशेषता विश्व दुर्लभ झरना "सहस्रधारा"

पनि हो । हिउँद-वर्षा एकनास सफा पानीको प्राकृतिक झरना खस्दछ । रोडबाट अन्दाजी २५ मिटर माथि सिढी उक्लेर जानु पर्दछ । पहराको माझ झण्डै २५ फुट चौडा र २५ फुट जति उचाईबाट झरना (सहस्रधारा) निरन्तर झरिरहेको छ । यो झरना "कैलाश मानसरोवरबाट" भित्रभित्र आएर यहाँ प्रकट भएको अनुमान गरिएको छ । यो पानीको वैज्ञानिक परीक्षण हुन बाँकी छ । यो झरना महत्त्वपूर्ण छ । तर, हामी नेपालीले बुज्नै सकेका छैनौं । यो त "मिल्कन्छन् भिल्लका देशमा कौडीको भाउमा मणि" भएको छ । यो हरिहर क्षेत्र भित्र "शालिग्राम नदी (काली गण्डकीको) तिरै नजिक अवस्थित "मानसरोवर सहस्रधारा" ठूलो तीर्थ स्थल बनाउन सकिन्छ । एकातर्फ गौरी शङ्करको मन्दिर, अर्कोतर्फ लक्ष्मीनारायणको मन्दिर र विचमा हरिहर शिव तथा विष्णुको एउटै शरीर भएको मन्दिर बनाएर मुक्तिनाथ जाने यात्रीलाई पहिले यहाँ दर्शन गराएर पठाउने गरी योजना बनाउन सकिन्छ । कृष्ण गण्डकीलाई अलि दक्षिण सारेर पर्खाल लगाउँदै सिढी बनाएर तल राम्रो घाट बनाई यस क्षेत्रलाई मुक्तिनाथ द्वार बनाउन सकिन्छ । यहाँ पितृहरूलाई पिण्ड दिएपछि मात्र कागवेनीमा पिण्ड दिनु पर्दछ । एवम् यात्रीहरूलाई यस मानसरोवर सहस्रधाराको जल मुक्तिनाथ भगवान् र पशुपतिनाथ भगवान् दुवैलाई चढाउने बनाउन पनि सकिन्छ ।

८-१० वर्ष पहिले यहाँ पनि मुक्तिनाथ झै १०८ धारा बनाउने निर्णय गरेर स्थानीय वासिन्दाले आर्थिक सहयोग संकलन गरी एकसय आठ धारा बनाएको तर शिवजी र विष्णुको मूर्ति राख्ने विषयमा शैव र वैष्णवको मत नमिलेर कार्य स्थगित भएको भन्ने चर्चा थियो । शिव र विष्णुमा फरक देख्नु नाम अपराध हो । नामापराधको त प्रयाश्चित्त पनि हुन गाह्रो छ । शिवका आराध्य विष्णु (श्रीकृष्ण) हुन् भने श्रीकृष्णका आराध्य शिव हुन् । हरिहरमा भेद गर्नु महापाप हो ।

"निम्नगानां यथा गंगा देवानां अच्युतो यथा ।
वैष्णवानां यथा शम्भु पुराणामिदम् तथा ॥ (भा-१२-१३-१६)

अर्थ- जस्तै नदीहरूमा गंगा, देवताहरूमा "श्रीकृष्ण" समस्त वैष्णहरूमा शिवजी सर्व श्रेष्ठ हुनुहुन्छ । त्यस्तै पुराणहरूमा श्रीमद्भागवत हो ॥ शिवलाई श्रीकृष्ण (विष्णु) भन्दा तल देख्नु स्वयम् नारायणको अपमान हो ।"

आयु द्रोण सुते............कीर्तिश्च नारायणे ॥

अर्थात् कृष्ण कै अवतार नारायण हुन् । सबै श्रीकृष्णका अवतार र श्रीकृष्ण स्वयम् भगवान् हुन् भन्ने श्रीमद्भागवत एवम् महाभारतले पुष्टि गर्दछ । धर्म भनेको व्यक्तिगत हुन्छ । आफूले आराधना गर्दा इच्छा अनुसार शिव, विष्णु, श्रीकृष्ण, जगज्जनी भगवती जसको गरे पनि एकै हो । दोस्रो व्यक्तिसँग कुरा गर्दा यो ठूलो यो अलि सानो भन्दा नामापराध हुन्छ । यो महापाप हो । जसको प्रायश्चित्त हुन



पनि धेरै गाह्रो छ

पाङमा "पार्वती जन्मेको" पार्वती गीतामा भगवती गीताले नै पुष्टि हुन्छ । श्री देव्युवाच ददामि चक्षुस्ते दिव्यं पश्य मे रुपमैश्वरम् । छिन्धि हृत्संशयं विद्धि सर्वदेवमयीं पितः ॥ (पार्वती गीता १-२१) अर्थ- पार्वती देवीले आफ्ना पिता पर्वत राज हिमालयलाई भन्नुहुन्छ- 'हे पिताश्री ! म हजुरलाई दिव्य चक्षु प्रदान गर्दछु, जुन आँखाले मेरो ऐश्वर्यशाली रूपलाई दर्शन गरेर हजुरको हृदयको संशय मेटाउनुहोस् । एवम् मलाई नै सर्वदेवमयी जान्नुहोस् । जगज्जननी पार्वतीले अगाडि भन्नुहुन्छ ।

श्रीपार्वत्युवाच श्रृणु तात प्रवक्षामी या संसार निवर्तिका । विद्या तस्याः स्वरुप हि संक्षेपण महामते ॥(पार्वती गीता २-२)

अर्थ- सुन्नुहोस् पिताश्री (संसारदेखि मुक्ति गराउने जुन विद्या हो, उसको स्वरूपलाई मैले संक्षेपमा वर्णन गर्दैछु । अरू पनि जान्नुहोस् ॥

कुरुते कर्मतन्त्राणि देहभोगार्थ मेव हि ।३-४२, ॥ स देहः पुरुषाद्भिन्नः पुरुषःकिं समश्नुते प्रतिक्षणं क्षरत्यायुश्चलत्पर्णस्यतोयवत् ॥

(पार्वती गीता ३-४३)

अर्थ- जुन देहको भोगका लागि जीवले सबै कर्म गर्दछ त्यो देह पुरुष (जीवात्मा) देखि भिन्न छ; किनकि जीवात्माको भोगहरूदेखि के सम्बन्ध ? प्रतिक्षण आयुको क्षय भई रहेको छ । र त्यो हल्लिरहेको पातमा स्थित जलकर्णको भाँति क्षणभंगुर छ । पार्वतीले हिमालयको शंका समाधान गर्दै भन्नुहुन्छ-

पार्वत्युवाच मनुष्याणां सहस्रेषु कश्चिद्यतिति सिद्धये ।

तेषांमपि सहस्रेषु कोऽपि मा वेत्ति तत्वतः । (पार्वती-गीता)

अर्थ- हे पिताश्री ! हजारौं मनुष्यहरूमा कुनै कुनैले सिद्धिको लागि प्रयास गर्दछन् र त्यसमा सिद्धिको प्रयासरत हजारौं मनुष्यहरूमा कुनै कुनैले मात्र मलाई वस्तुतः जान्न सक्दछन् ।

यस प्रकार पिता स्वरूप हिमालयका सबै शंका निवारण गरेर शंका हटे पछि ।

"षष्ठेऽन्हि षष्ठीँ सम्पूज्य सम्प्राप्ते दशमेऽहनि ।

पार्वतीत्यकरोन्नाम सान्वयं पर्वताधिपः (पार्वती गीता ५-४)

अर्थ- यस प्रकार पर्वताधिपति हिमालयले हर्षोल्लासको साथमा छैठौं दिन "षष्ठी देवी" को पूजा गरेर दसौं दिन न्वारन (नामाकरण संस्कार) गर्दै जगज्जननी देवी (छोरी) को नाम "पार्वती" यस्तो सार्थक नाम राख्नु भयो ।

अतः सांस्कृतिक इतिहासवेत्ता "योगी नरहरिनाथ"ले यहि

भगवती पार्वती गीताको आधारमा पाङमा गएर वस्तुस्थिति, भूवनावट र हिमालयहरू साथै पर्वत श्रृङ्खलाहरू एवम् कृष्ण गण्डकी (शालिग्राम चक्रनदी) आदिको आधारमा पाङ नै पर्वत राज हिमालयको राजधानी भएको र पाङमा पार्वती जन्मेकी हुन् भन्ने उद्घोष गर्नुभएको थियो ।।

नेपालले शालिग्राम नदी कृष्ण गङ्गाको महत्त्व बुझेकै छैन । कस्तुरी मृगले आफ्नो नाभीमा रहेको कस्तुरीको सुगन्ध खोज्न वन पाखा चहारे झैं अरू देशमा सहयोग (एक किसिमको भीख) माग्दैआएको छ । यहि एउटा कृष्ण गण्डकीको सदुपयोग गर्न सके धार्मिक पर्यटकको बाह्रै महिना मेला लाग्ने छ । कृष्णगंगा त भागीरथी गंगा भन्दा धेरै पवित्र गंगा हुन् । भागीरथी गंगालाई भगवान् विष्णुका पाउको औंलाबाट प्रवाहित भनिएको छ । परन्तु कृष्णगंगा (शालिग्रामनदी) त साक्षात विष्णु (शालिग्रामको सर्वाङ्ग प्रक्षालन)गरेर बगेकी छन् ।

नेपालले कृष्ण गण्डकीको महत्त्व नवुझे पनि विश्वका धेरै देशले यसको महत्त्व वुझेका छन् । त्यसैले त नेपालको "सनातन वैदिक धर्मलाई" हिन्दुकरण गरिएको छ । नेपालका विद्वान्हरू एवम् राम्रो राजनीति ज्ञान हुने व्यक्तिलाई ज्ञात हुनु पर्ने हो, सनातन धर्मको नाम हैन । समय (टाईम) हो । त्यस्तै "हिन्दु" धर्मको नाम हैन स्थान (ठेगाना) को नाम हो । नेपालीहरूको धर्म "वैदिक" हो ।

वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः।
वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम ॥ (भा ६-१-४०)

अर्थ- वेदहरूले जुन कर्महरूको विधान गरेका छन् । ती कर्महरू नै धर्म हुन् र वेदले जुन निषेध गरेका छन् ती सबै अधर्म हुन् । वेद स्वयम् भगवान्का स्वरूप हुन् । वेदहरू भगवान्का स्वाभाविक श्वास-प्रश्वास एवम् स्वयम् प्रकाश ज्ञान हुन । अतः नेपालीहरूको धर्म "सनातन वैदिक धर्म" हो ।

अतः नेपालले कृष्ण गंगाको संरक्षण र ऋषि मुनिहरूका प्रत्येक आश्रमलाई तीर्थ स्थलको रूपमा विकसित गर्न जरूरी छ । नेपालमा धर्म संस्कृति खलवलाउने विदेशी ठूलै डिजाईन बनेको छ । गणतन्त्र आएपछि नेपालका ठाउँ-ठाउँका प्राचीन महत्वका चौतारी वर पीपलका रूखहरू भत्काएर बाटो बनाउने, कृष्ण गण्डकीलाई डाइभर्शन गरेर तराई तिर लग्ने यस्ता उत्पादक हैन कि प्रति उत्पादक कामहरू भैरहेका छन् । लुम्बिनीको पीपलको बोट, जुन रूखमुनि भगवान् बुद्धको जन्म भएको थियो । जापानीहरूले मन्दिर बनाई दिन्छौं भनेर जरैदेखि उक्काएर जापानमा औंला भन्दा पनि साना टुक्रा पारेर अरबौं डलरमा बेचि रहेको छ ।

शालिग्राम पनि जम्बूतवी रेल्वे स्टेशनदेखि झण्डै २ कि.मी. पर रहेको राममन्दिर परिसरमा तीन चार ओटा मन्दिर बनाएर सवा लाख शालिग्राम राखिएका छन् । वैष्णहरूको त्यहाँ त्यत्रो भिड लागेको देखियो । दुःखका साथ क्षमा माग्दै सत्य कुरा भन्नै पर्छ । नेपालका वैष्णहरूले गणेशकी जय, लक्ष्मीनारायणकी जय, सनातन हिन्दूधर्म कीजय भन्दै हुनुहुन्छ । यतिखेर विश्वमा ११ धर्महरू प्रचलनमा आएका छन् जसमा ८ धर्महरू नेपाल र भारतमा प्रचलित छन् । बाँकि ३ धर्म चीन, जापान, कोरिया आदि देशमा प्रचलित छन् जस मध्ये "सनातन वैदिक धर्म" सवैभन्दा जेठो धर्म हो भने "हिन्दू धर्म" सबै भन्दा कनिष्ठ धर्म हो । यो नेपालीहरूले बुझ्न अत्यन्त जरूरी छ ।

कृष्ण गण्डकीका "शालीग्राम" मात्रैको सदुपयोग गरेर राज्यले नियन्त्रणमा लिई सेवा स्वरूप मूल्य लिएर वितरण गर्न सके प्रसस्त आम्दानी गर्न सकिन्छ । त्यसका लागि

कृष्ण गण्डकी डाइभर्शन गर्ने हैन, जुन वालु गिट्टी उत्खनन भैरहेको छ । त्यो सबै बन्द गर्न पर्दछ । "सुन" खोज्ने जातिलाई "शालिग्राम" संकलन गर्न लगाउने र उनीहरूले संकलन गरेका "शालिग्राम" ज्याला दिएर राज्यले भण्डारण गर्नु पर्दछ ।❖

-धुम्वाराही, काठमाडौं

आधुनिक जीवनमा यज्ञको महत्त्व

सुजनप्रेमी सुवेदी

यज्ञ शब्द यज् धातुबाट बनेको हो । जसको अर्थ हुन्छ पूजन, दान र प्रवचन तथा सत्संग । यसलाई देवता, ऋषि, पूर्वजहरू र सम्पूर्ण जगत्को कल्याणको निम्ति गरिएको एक धार्मिक अनुष्ठानको रूपमा बुझिन्छ । परापूर्वकालदेखि नै यज्ञ गर्ने प्रचलन नेपालका लागि नौलो होइन । मानव सभ्यताको विकाससंगै आस्था र विश्वास शुरू भएको प्रमाणिक कथनहरू छन् । यसै विश्वासको अंश परापूर्वकालमा यज्ञलाई लिइन्थ्यो । उतिबेला यज्ञ गर्दा बर्षा हुने, वालीनाली सप्रने, वातावरण राम्रो हुने धार्मिक मान्यता रहिआएको पाइन्छ । ऋषिमूनि र तपस्वीहरूले यज्ञ महायज्ञहरू गरेर लाखौंको कल्याण गरेका इतिहासहरू पनि पाइन्छ । कतिपयले यज्ञलाई फगत आगोमा अन्न डढाउने भनेर अपव्याख्या गरेको पाइन्छ । तर यज्ञको आधुनिक विज्ञानले पनि महत्त्व दर्शाएको छ । धार्मिक ग्रन्थमा समेत हरेक गृहस्थ व्यक्तिले पाँचवटा मुख्य यज्ञ गर्नुपर्ने बताइएको छ । पञ्चमहायज्ञ अर्थात पाँच यज्ञमा ब्राह्म यज्ञ (वेद अध्ययन तथा शिक्षा), देव यज्ञ (देवताहरूलाई बलि तथा पूजा), पितृ यज्ञ (पितृहरूको

तर्पण), भूत यज्ञ (प्राणीसँग दयालु व्यवहार तथा भोजन दान) र अतिथि यज्ञ (अतिथिहरूको सत्कार) पर्दछन् ।

धार्मिक ग्रन्थहरूमा यज्ञलाई वैदिक परम्पराको अनिवार्य अंशका रूपमा व्याख्या गरिएको छ । यज्ञबाट आत्मशुद्धि, पुण्य प्राप्ति र स्वर्ग गमन हुने कुरा पनि बताइएको छ । यज्ञको महत्त्वलाई यसरी विभाजन गरेर पनिहेर्न सकिन्छ ।

यज्ञको धार्मिक महत्त्व

पापमोचन र पुण्य प्राप्ति– मन्त्र जप गरी हवन गर्दा पाप नाश हुने र पुण्य प्राप्ति हुने विश्वास छ ।

वैदिक परम्पराको निरन्तरता– वेद, पुराण र उपनिषद्मा यस्ता यज्ञहरूको महत्त्व उल्लेख छ, जसले सनातन धर्मको जगेर्ना गर्छ ।

ईश्वरप्राप्ति र आत्मशुद्धि– यज्ञ गर्दा तन, मन र आत्मा शुद्ध हुने मान्यता छ ।

ज्योतिषीय कारण

ग्रहदोष निवारण– जन्म कुण्डलीमा रहेका अशुभ ग्रहदोष हटाउन यज्ञ लाभदायक मानिन्छ ।

सकारात्मक ऊर्जा प्रवाह– यज्ञबाट उत्पन्न ऊर्जा तथा ध्वनिले वातावरण शुद्ध गर्छ र सकारात्मक प्रभाव पार्छ ।

सामाजिक तथा सांस्कृतिक प्रभाव

धार्मिक एकता र समाज सुधार– यज्ञमा हजारौं भक्तजन भेला हुने भएकाले सामाजिक एकता बढ्छ ।

परम्परा जगेर्ना– प्राचीन वैदिक परम्परालाई जीवित राख्न यो आवश्यक छ ।

वैज्ञानिक कारणहरू

वातावरणीय शुद्धता– यज्ञको धुवाँले हानिकारक कीटाणु नष्ट गर्छ, वातावरण शुद्ध बनाउँछ ।

मानसिक शान्ति– मन्त्र जप तथा ध्यानले तनाव कम गर्छ, ध्यान केन्द्रित गर्न मद्दत गर्छ ।

स्वास्थ्य लाभ– हवन सामग्री (घ्यू, हर्बल वस्तुहरू) जलाउँदा शुद्ध वायुमण्डल बन्छ, जसले स्वास्थ्यमा फाइदा गर्छ ।

यज्ञ केवल धार्मिक कर्म मात्र नभई वैज्ञानिक,

सामाजिक र आध्यात्मिक रूपमा पनि लाभदायक छ । त्यसैले यसलाई हजारौँ वर्षदेखि निरन्तता दिइँदै आइएको छ । यज्ञ गर्दा पृथ्वी, जल, वायु, मनुष्य, वनस्पती सबैलाई फाइदा पुग्ने वैज्ञानिक आधार र प्रमाणहरू भेटिएका छन् । यज्ञ गर्दा निस्कने धुवाँले वायु प्रदूषण गराउँछ भन्ने कुतर्कहरू बेला बेलामा आउने गरेका छन् तर विधिसंवत गरिएका यज्ञले कुनै पक्षलाई पनि हानी नगर्ने वैज्ञानिक प्रमाणहरू छन् ।

१. हवनले वायुशुद्धि गर्छ ।

Indian Institute of Technology (IIT), Delhi का अनुसन्धानकर्ताहरूले गरेको अध्ययन अनुसार, हवन गर्दा वायुमा रहेका हानिकारक जीवाणु (Bacteria), भाइरस (Viruses), र विषाक्त पदार्थ (Toxins) को सङ्ख्या उल्लेखनीय रूपमा कम हुन्छ ।

एक वैज्ञानिक अध्ययन अनुसार, हवन गर्दा उत्सर्जित फाइटोनसाइड्स (Phytoncides) नामक जैविक तत्त्व वायुमा फैलिन्छ, जसले हानिकारक सूक्ष्मजीव (Microbes) नष्ट गर्छ ।

२००७ मा "Journal of Ethnopharmacology "मा प्रकाशित एक अध्ययनले देखाएको छ कि हवन गर्दा वायुमा रहेका ९४ प्रतिशत हानिकारक जीवाणु २४ घण्टाभित्रै नष्ट हुन्छन् । "Environmental Science and Pollution Research" मा प्रकाशित अनुसन्धानअनुसार, हवन गर्दा कार्बन डाइअक्साइड कम उत्पादन हुन्छ, जसले वातावरणमा सकारात्मक प्रभाव पार्छ ।

२. हवनले मानसिक शान्ति र एकाग्रता बढाउँछ

भारत बेंगलोरको National Institute of Mental Health and Neurosciences (NIMHANS) ले गरेको अनुसन्धान अनुसार, वेद मन्त्र जप गर्दा मस्तिष्कमा डोपामिन (Dopamine) र सेरोटोनिन (Serotonin) नामक हार्मोनको मात्रा बढ्छ, जसले तनाव घटाउँछ र मानसिक शान्ति दिन्छ ।

"Journal of Ayurveda and Integrative Medicine" (२०११) मा प्रकाशित अध्ययन अनुसार, यज्ञ गर्दा उच्च आवृत्तिको ध्वनि तरंगहरू उत्पन्न हुन्छन्, जसले मस्तिष्कमा सकारात्मक प्रभाव पार्छ ।

ध्यान (Meditation) गर्दा वा वेद मन्त्र जप गर्दा EEG (Electroencephalogram) स्क्यानले मस्तिष्कमा सकारात्मक तरंग उत्पन्न भएको देखाएको छ ।

हवनको सुगन्धले अल्फा ब्रेन वेभ (Alpha Brain Waves) उत्पन्न गर्छ, जसले शान्ति, एकाग्रता, र सकारात्मक ऊर्जा प्रदान गर्छ ।

३. हवनको धुवाँले हानिकारक किटाणुनष्ट गर्छ

"Ancient Science of Life" जर्नल (२००३) मा प्रकाशित अनुसन्धानअनुसार, हवन गर्दा वातावरणमा एरोमाथेरापी प्रभाव (Aromatherapy Effect) पर्छ, जसले हानिकारक किटाणुहरू नष्ट गर्छ ।

All India Institute of Medical Sciences (AIIMS), Delhi का वैज्ञानिकहरूले गरेको अनुसन्धान अनुसार, हवनको धुँवामा रहेका औषधीय तत्त्वहरूले श्वासप्रश्वास (respiratory system) लाई बलियो बनाउँछ ।

हवन गर्दा तुलसी, कपूर, गूगल, चन्दन, हर्रो, बर्रो आदि जलाइन्छ, जसले वातावरणमा एंटी-बैक्टेरियल (anti–bacterial) प्रभाव पार्छ ।

वैज्ञानिक परीक्षणले हवन गर्दा उत्पन्न हुने बायोएरोसोल (Bioaerosols) ले भाइरसलाई निष्क्रिय गर्न सक्ने क्षमता राख्छ भन्ने प्रमाण देखाएको छ ।

४. हवनले हावामा रहेको हानिकारक ग्यासहरू कम गर्छ ।

IIT Kanpur मा गरिएको अनुसन्धान अनुसार, हवन गर्दा वातावरणमा नेगेटिभ आयन (Negative Ions) को मात्रा बढ्छ, जसले हानिकारक ग्यासहरू जस्तै कार्बन मोनोअक्साइड (CO), सल्फर डाइअक्साइड (SO_2), र नाइट्रोजन अक्साइड (NO_X) घटाउँछ ।

"International Journal of Environmental Research and Public Health" (२०१५) मा प्रकाशित अध्ययनअनुसार, हवन गर्दा उत्पन्न हुने औषधीय ग्यासहरूले एलर्जी, अस्थमा र श्वाससम्बन्धी समस्याहरू कम गर्छ।

एक वैज्ञानिक प्रयोगमा देखाइएको छ कि हवन गर्दा A:२.५ (सूक्ष्म धूलो कणहरू) को मात्रा कम हुन्छ, जसले शुद्ध वायुमण्डल बनाउँछ ।

हवन गर्दा उत्पन्न हुने मिथाइल ग्यास (Methyl Gas) ले वातावरणमा मौजुदा विषाक्त पदार्थहरूलाई निष्क्रिय गर्छ ।

५. हवनले कृषि तथा वातावरणीय सुधार गर्छ

"Asian Agri–History Foundation" (AAHF) को रिपोर्टअनुसार, यज्ञको धुवाँले माटोको उर्वराशक्ति बढाउँछ। वैज्ञानिक अध्ययन अनुसार, हवनको खरानी (Ash) मा रहेको पोटासियम, फस्फोरस, र नाइट्रोजन जस्ता खनिज तत्त्वहरूले माटोको उर्वराशक्ति बढाउँछ ।

भारतका विभिन्न कृषि अनुसन्धान केन्द्रहरूले हवनको खरानी जैविक मल (Organic Fertilizer) को रूपमा प्रयोग गर्न सकिने देखाएका छन् ।

हवनको धुँवाले मच्छर, लामखुट्टे, र अन्य कीटाणुहरू नष्ट गर्छ, जसले खेतीमा फाइदा पुर्याउँछ ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा, हवन (कोटिहोम) केवल धार्मिक अनुष्ठान मात्र नभई स्वास्थ्य, वातावरण, मानसिक शान्ति, र कृषि क्षेत्रमा समेत लाभदायक छ ।

विभिन्न अनुसन्धानहरूले हवन गर्दा वातावरण शुद्ध हुने, हानिकारक जीवाणु नष्ट हुने रमानसिक शान्ति संगै स्वास्थ्यमा सुधार आउँने कुरा प्रमाणित गरेका छन् । यसरी हेर्दा यज्ञको वैज्ञानिक र आध्यात्मिक दुवैमहत्त्व रहेको छ । यज्ञ गर्दा तिल, चन्दन, जौ, कपुर, घ्यू, औषधीय वनस्पतिहरू हवन सामग्रीका रूपमा प्रयोग गरिन्छ । यी तत्वहरू जल्दा वातावरण शुद्ध हुन्छ र हानिकारक ब्याक्टेरिया तथा विषाणुहरू नष्ट हुन्छन् । वैज्ञानिक अनुसन्धान अनुसार, यज्ञबाट निस्किने हवा सुगन्धित र एन्टी–ब्याक्टेरियल हुन्छ । आयुर्वेदमा यज्ञलाई 'हवन थेरेपी' भनिन्छ, जसले फोक्सोलाई शुद्ध हावा दिन्छ । यज्ञ गर्दा वातावरणमा तापक्रम र आद्रताको सन्तुलन कायम रहन्छजसले वर्षागराउन मद्दत गर्छ । प्राचीन ग्रन्थहरूमा अश्वमेध यज्ञ, सोमयज्ञ जस्ता अनुष्ठानहरूले वर्षा वृद्धि गर्छन् भनेर उल्लेख गरिएको छ । यज्ञमा हवनको लागि प्रयोग हुने सामग्रीका विशेष गुण रहेको हुन्छ जलाएको घ्युले वायुमण्डल शुद्ध गर्छ भने रोगाणु नाशक हुन्छ । तिल जलाउदा उर्जा उत्पादन रनकारात्मक शक्ति हटाउने कार्य गर्दछ । जौलाई जलाउदा शीतलता, पाचनमा सुधार र वातावरणीय सन्तुलन गराउदछ । गुग्गुल, तुलसी लगायतका वनस्पति जलाउदा मानसिक रूपमा तन्दुरूस्त हुन चाहिने एन्टीबायोटिक पदार्थ निस्कन्छ भने वातावरण सुगन्धदायी बनाउँदछ ।❖

–नुवाकोट

प्रेरक प्रसंग

भगवान्को जीवनीबाट के सिक्ने ?

कोष 'भारद्वाज'

हामीबाट केही चिज छुटेर गए, हामीबाट केही चिज टाढा भए भनेर आखिर हामी किन तनावमा हुन्छौं ? भगवान् श्रीकृष्णको जीवनी हेरौं त !

भगवान् श्रीकृष्णको जीवनमा केही न केही छुट्दै गए; भगवान् जन्मनु भन्दा पूर्व आफ्नो पिताश्री छुट्नुभयो । भगवान् श्रीकृष्णसँग नन्द यशोदा ग्वाला गोपालहरू छुटेर गए । भगवान् श्रीकृष्णसँग राधा माताको भेट भयो । पछि उहाँसँग पनि विछोड भयो । भगवान् श्रीकृष्णसँग मथुरा छुट्यो, नन्दगोपाल छुटे, यशोदा छुट्नुभयो, राधा माता छुटेर जानुभयो । सब चिज भगवान्सँग छुट्दै छुट्दै छुट्दै गए तर पनि भगवान्सँग यी तीन चिजहरू छुटेनन्– 'देवत्व, मुस्कान र सकारात्मक भाव । यी तीन चिजले भगवान्लाई यस्तो बनाइदियो कि आज हामी सबैको आस्था जोडियो, आज हाम्रो आराधना जोडियो ।

हरेक परिस्थितिहरू आफ्ना अनुकूलमा हुँदैनन् । जीवनमा भेटिएका छुट्टिँदै जान्छन् । जोडेका चिजहरू छोड्दै जान्छन् । केही न केही क्रमहरू नराम्रो पनि हुन जान्छ । दुःख बिघ्न बाधा, अड्चनहरू पनि आइपर्छन् तर जीवनमा हामीले हाम्रो देवत्वभाव, मुस्कान र सकारात्मकता कहिल्यै छोडेनौ भने हामी पनि लयमा हुन्छौँ ।

भगवान्को जीवनीबाट यही कुरा याद गरौं, ताकि हाम्रो जीवनमा केही चिज छुट्यो, कसैसँगको सम्बन्ध छुट्यो, प्राप्त गरेको धनसम्पत्ति मणि माणिक्य छुट्यो भने पनि तनावमा हुने, एकदमै सोचमग्न भएर जीवनलाई बर्वाद बनाउने नगरौँ । जस्तो परिस्थिति आइपरे पनि मनस्थितिलाई सही भावमा राखौं । मनस्थिति सुन्दर भयो भने जीवन सुन्दर हुन्छ । भगवान्को जीवनीबाट केही दिव्यज्ञान हामी पनि ग्रहण गर्न सकौं ।❖

समयसन्दर्भ

गायत्री महाशक्ति र यज्ञ-संस्कृतिको अद्‌भूत संगमः श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम

-भागवतश्री न्यौपाने

धार्मिक चेतनाको जागरण, वैदिक परम्पराको पुनर्जागरण र सामाजिक शुद्धिको लागि यज्ञ सँधै एक प्रभावशाली माध्यम रहँदैआएको छ । नेपालमा पहिलोपटक भव्य, सुसज्जित र व्यवस्थित रूपमा आयोजना गरिएको श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ ले यसको अद्वितीय उदाहरण प्रस्तुत गरेको छ ।

गण्डकी प्रदेशको मुटु पोखरा उपत्यकामा ऐतिहासिक तथा पौराणिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेको श्रीहरिहर सिद्धेश्वर हरिहर मन्दिरको मातहतमा रहेको विशाल परिसरमा यो यज्ञ महोत्सव आयोजना गरिएको छ । बालयोगेश्वर श्री विजय कृष्णमूर्तीजी महाराज यस महायज्ञका संकल्पकर्ता हुनुहुन्छ । यसको आयोजना मिति २०८१ सालको चैत्र १७ गतेदेखि सुरू भई २०८२ सालको जेठ २६ गतेसम्म निरन्तर जारी छ । करिब ७० दिनसम्म सञ्चालन हुने यो विराट् यज्ञ नेपालको इतिहासमै सबैभन्दा लामो र विशाल यज्ञ आयोजनाको रूपमा स्थापित भएको छ ।

श्री गण्डकी कोटिहोमको स्वरूप

यस यज्ञमा १०० वटा कुण्डहरू निर्माण गरिएको छ, जसमा प्रतिदिन ३०० जना ब्राह्मणहरूले गायत्री मन्त्रद्वारा हवन गरिरहेका छन् । यसमध्ये एउटा मूल हवनकुण्ड र अर्को पूजावेदी रहेको छ, जहाँ गायात्रीमाताको प्रतीक स्थापना गरिएको छ । कुल १ करोड २५ लाख ब्रह्म गायत्रीको मन्त्र जप गरी सोही बमोजिमको आहुतिको लक्ष्यसहितको यो यज्ञ नेपालमा पहिलोपटक आयोजन गरिएको हो । यज्ञमा भाग लिने ब्राह्मणहरू पूर्वदेखि पश्चिमसम्म, देशका विभिन्न जिल्लाबाट आमन्त्रित गरिएका छन्, जसमा वैदिक ज्ञानमा निपूण ४०० जना ब्राह्मण पण्डितहरू सहभागी हुनुहुन्छ ।

यस मूल कुण्डको भूमीपुजन २०८२ साल वैशाख ३ गते गरिएको हो । कोटीहोम महायज्ञको पूर्वाङ्ग वैशाख १७ गते बुधवार सम्पन्न भएपछि वैशाख १९ गते अग्नी मथन गरी सोहि दिनबाट हवन आरम्भ गरिएको हो ।

मूल यज्ञ मण्डप अत्यन्त शास्त्रीय ढंगले निर्माण गरिएको छ । यहाँ गरिने नियमित पूजामा ४ वेद पाठ,

पञ्चाङ्ग देवता पूजा, नवग्रह पूजा, दश दिक्पाल पूजा, १६ मातृका पूजा, द्वारमातृका पूजा लगायतका रहेका छन् । यी पूजाहरूमा सम्पूर्ण वैदिक परम्परागत विधिहरू पालना गरिन्छ । प्रत्येक दिन विधिवत रूपमा अग्निस्थापना गरी यज्ञ आरम्भ गरिएको हुन्छ र मूल आचार्यद्वारा पूजाका लागि ब्राम्हणहरूलाई आवश्यक निर्देशन दिइन्छ ।

यसको अर्को मुख्य आकर्षणको रूपमा रहेको स्थल भनेको ३ वटा कथा मण्डप हो । २५ हजार बर्गफुटको मुख्य मण्डप अत्यन्त आकर्षक देखिन्छ । त्यसैगरी अन्य दुईवटा मण्डप पनि फूलैफूलले सजाएर भव्य बनाइएको छ । महिला तथा पुरुषहरूको लागि छुट्टाछुट्टै बस्ने व्यवस्था गरिएको छ । हरेक मण्डपमा कथा प्रवचन सुन्ने श्रोता एवम् भक्तजनहरूको उपस्थिति सधै बाक्लो देखिन्छ ।

यज्ञस्थलको शोभा र आध्यात्मिकता

महायज्ञको आयोजनास्थललाई अनुपम सौन्दर्यले सजाइएको छ । प्रवेशद्वार अत्यन्त आकर्षक बनाइएको छ । रंगिविरंगी फूल र ध्वजापताकाले सजाइएको प्रवेशद्वारको दायाँपट्टि फूलबाट निर्मित गणेश मूर्ति, भित्र पुग्ने बाटोको दायाँबायाँ शिवपार्वती, राधाकृष्ण, चतुर्भुज विष्णु लगायतका मूर्तिहरू राखिएका छन् । फूलबाट बनाइएका स्वस्तिक, कलश, लक्ष्मी, गणेश, राम आदिका रंगीन बोर्डहरू राखिएका छन् । हरेक ठाउँमा देवी-देवताका मन्त्रहरू र यज्ञको महिमा वर्णन गरिएका बोर्डहरू राखिएका छन् । स्वाहा स्वाहा गरिएको आवाज र जयकारहरू सर्वत्र गुन्जिएका सुनिन्छन् ।

यज्ञस्थलभित्र प्रवेश गरेपछि पहिले कथामञ्च देखिन्छ, जुन भव्यरूपमा सजाइएको छ । बिहानदेखि साँझसम्म त्यहाँ सन्त, विद्वान् वक्ता र प्रवचनकर्ताहरूले कथा, प्रवचन, सन्देशहरू दिइरहेका हुन्छन् र हजारौं भक्तजन त्यसको श्रवणमा तल्लीन देखिन्छन् । मञ्चकै दायाँपट्टि नेपालकै उत्कृष्ट २ दर्जन कलाकारको विशाल समूह छ, जसले वक्ताको भाव र सन्दर्भअनुसारका भजन तथा नृत्य प्रस्तुत गर्दछन् । यस्तो भजन तथा सांगीतिक प्रस्तुति हरेक मन्चमा भइरहेको हुन्छ । मुख्य कथामञ्चको बाहिर र भित्र दुवैतर्फ विशाल डिजिटल डिस्प्ले राखिएका छन्, जसमा भइरहेको कार्यक्रमको प्रत्यक्ष प्रसारणले दर्शकहरूलाई सहज बनाएको देखिन्छ ।

व्यवस्थापन र सेवा

यज्ञस्थल र नियमित कार्यक्रमहरू अत्यन्त व्यवस्थित छन् । मूल पण्डालको दायाँतर्फ सचिवालय कक्ष स्थापना गरिएको छ, जहाँबाट आगन्तुकहरूले आफूलाई चाहिएको सूचना तथा जानकारी पाउन सक्दछन् । यहाँ भक्तजनहरूले नगद वा जिन्सी दान गर्न सक्ने व्यवस्था छ । दान गरिएको रकम र जिन्सी सामग्रीको स्पष्ट रेकर्ड राखिएको हुन्छ । दानवीर दाताहरूलाई तुरुन्त मञ्चमा लगेर यथोचित सम्मान गरिने गरिएको छ । त्यस्तै जुत्ता-चप्पल कक्ष, फूल-प्रसाद वितरण कक्ष, स्वास्थ्य सेवाको लागि दुई वटा कक्ष, अनुष्ठान दर्ता केन्द्र, सूचना प्रविधि शाखा, सञ्चार शाखा, अनुगमन कक्ष तथा निःशुल्क धार्मिक पुस्तक अध्ययन कक्षसमेत स्थापना गरिएको छ ।

मुख्य कथा मञ्चको छेउमै अति विशिष्ट र विशिष्ट

पाहुनाको सत्कार कक्ष छ जहाँ राष्ट्रसेवक, धर्मगुरू, विशिष्ट अतिथिहरूलाई स्वागत गरिन्छ । त्यही नजिक भव्य महादेव मूर्ति पनि स्थापना गरिएको छ जसको दर्शनार्थ पनि ठूलो संख्यामा भक्तजन पुग्ने गरेका छन् ।

कोटिहोम क्षेत्रको दिव्यता

मूल पण्डालबाट केही अघि बढेपछि कोटिहोम क्षेत्र शुरू हुन्छ । बाटोमा मसिना ढुंगाहरू र त्यसमाथि राता, हरिया कार्पेटहरू ओछ्याइएका छन् । दायाँबायाँ विभिन्न किसिमका फूलका गमलाहरूले शोभायमान बनाइएको छ । त्यहाँ अर्को कथा मञ्च, देब्रेतिर ॐ शान्तिको सत्संग स्थल पनि व्यवस्था गरिएको छ । यस महायज्ञले विभिन्न आध्यात्मिक सत्संग र अन्य कार्यक्रमहरूलाई पनि उच्च

गर्नु आत्मा शुद्धीकरण, पापमोचन र विष्णु भगवान्को कृपा प्राप्त गर्ने दुर्लभ अवसर हो । तसर्थ, शालग्राम दर्शन महायज्ञको एक प्रमुख आकर्षण बनेको छ ।

पाठ पारायण

यस कोटीहोम स्थलमा ग्रन्थ स्मृतिहरूको सम्पूर्ण पाठपारायणको व्यवस्था गरिएको छ । यस अनुष्ठात्मक स्थलमा २२ जना ब्राह्मणहरूद्वारा यज्ञ अवधिभर १४,६४१ आवृत्ति रूद्रीपाठ गरिनेछ । त्यो निरन्तरता अहिले जारी छ । यसैगरी १८ वटा स्थानमा श्रीमद्भागवत पारायण गरी १०८ पुऱ्याइनेछ । विद्वान तथा दक्ष ब्राह्मणहरूद्वारा गरिएको भागवत पाठस्थलमा विभिन्न कर्ताहरूद्वारा संकल्प गरी आआफ्ना पितृहरूको मोक्ष तथा उद्धारको लागि समेत आउनुभएको छ । यसैगरी यस स्थानमा फरक फरक ठाउँमा विशिष्ट गुरूज्यूहरूबाट बाँकी १७ वटा पुराणको पाठपारायण भइरहेको छ । दुर्गा सप्तशतीको १०० आवृत्ति पाठ गरिनेछ । विशेषत यस स्थानमा स्वस्थानबाट ब्राह्मणज्यूहरूबाट एकै स्वर तथा लयमा भइरहेको रूद्रीको पाठपारायण वास्तवमै अद्भूत देखिन्छ । यज्ञमा आउनुहुने भक्तजनहरूको विशेष आकर्षणको रूपमा यो पाठपारायण स्थल रहेको छ । स्थानीय तहका गुरूहरूदेखि नौ वर्षका बटुक समेत यस अनुष्ठानमा वरण भएर बस्नुभएको छ । २२ वटा वेदी त्यसमा स्थापना गरिएको शिवलिङ्ग र जलधाराले नियमित रूद्राभिषेक गरेको दृश्य अत्यन्त सुन्दर देखिन्छ । भगवान् शिवप्रति आफ्नो श्रद्धा र भक्ति प्रकट गर्ने भक्तहरूको लागि यो पाठपारायणस्थल एउटा महत्त्वपूर्ण क्षेत्र हो । २२ जनाले एकै साथ मन्त्रहरू पढ्दा त्यो संयुक्त स्वरबाट वातावरणमा विशेष कम्पन र ऊर्जा उत्पन्न हुन्छ । यस्तो अनुष्ठानले मानवहरूको मन शरीर र आत्माको शुद्धिकरण गर्दछ भने सम्पूर्ण हरूलाई भक्तिभावको मार्ग देखाउँछ ।

अद्वितीय शिवलिङ्ग र नवग्रह स्थल

यज्ञस्थलको अर्को मुख्य आकर्षण भनेको १ करोड रूद्राक्षले बनेको विशाल शिवलिङ्ग र त्यसकै छेउमा निर्माण

स्थान दिएको छ ।

हवना स्थल जाने मार्गमै रक्तदान कक्ष, विश्रामस्थलका लागि टेन्टहरू बनाइएका छन् । मानवीय सेवाको लागि दैनिक रक्तदान कार्यक्रको आयोजन गरिएको छ । हालसम्म करिव एक हजार जनाले रक्तदान गरिसक्नुभएको छ ।

यज्ञस्थलतर्फ जाँदैगर्दा दायाबाया शौचालय लगायत सम्पूर्ण आवश्यक संरचनाहरू व्यवस्थित रूपमा निर्माण गरिएका छन् ।

सहश्र शालग्राम दर्शन

यज्ञस्थलको अर्को महत्त्वपूर्ण अङ्ग भनेकै ११००० वटा शालग्रामको दर्शनस्थल हो । ती हज्जारौ शालग्रामको सबैभन्दा माथि विशाल तुलसीको मठ राखिएको छ । शालग्राम शिला भगवान् विष्णुको प्रतीक हो । यसको दर्शन गर्नु भनेको विष्णु भगवान् स्वयंको दर्शन गर्नु सरह मानिन्छ । कालीगण्डकी तट, मुक्तिनाथ क्षेत्रबाट ल्याइएका ११००० वटा शालग्रामलाई एकसाथ दर्शन गर्न पाउनु भक्तजनहरूका लागि अत्यन्त दुर्लभ र सौभाग्यको अवसर हो । यस्तो अद्भूत दर्शनले पापमोचन, आत्मशुद्धि, आध्यात्मिक उन्नति तथा समृद्धिको आशीर्वाद प्राप्त हुने विश्वास रहेको छ ।

न वेदैः न तपोभिः च न दानेन न शौचैः ।
लभ्यते यद् हि पुण्यं तत् लभ्यते शालग्रामदर्शनात् ॥

जुन पुण्य वेद अध्ययन, कठोर तपस्या, दान वा शुद्ध आचरणले प्राप्त गर्न कठिन हुन्छ, त्यही पुण्य शालग्रामको केवल दर्शनले सहजै प्राप्त हुन्छ । शालग्राम शिलाको दर्शन

गरिएको महादेवको भव्य मूर्ति हो । संगै रहेका यी दुई मूर्ति अत्यन्त आकर्षक र दिव्य देखिएका छन् । पृष्ठभूमिमा सुन्दर पहाड र हरिया जङ्गलले शोभायमान देखिने यस स्थानको अवलोकन र फोटो खिच्न हजारौं भक्तजन आउने गर्दछन् । यिनको ठीक देब्रेतिर स्याङ्जाबाट ल्याइएको नवग्रहको विशेष प्रतिमा राखिएको छ, जसको दर्शन गरी ग्रहशान्तिको कामना गर्नेहरूको संख्या उल्लेखनीय छ । यो नवग्रह नेपालमा पहिलो हो ।

अन्य धार्मिक क्रियाकलापहरू

मुख्य यज्ञस्थलको छेउमा ११,००० वटा जलसहित कलशहरू राखिएको भव्य मञ्च तयार पारिएको छ । यसले कलश पूजन तथा शक्तिसञ्चारको वातावरण निर्माण गरेको छ । पूर्ण कलश समृद्धिको प्रतीक हो । देब्रेतिर धान्याचल, तण्डुलाचल, तुलादान, चौरासी पूजा, ब्रतबन्ध र ग्रहपूजाका लागि छुट्टाछुट्टै स्थल निर्माण गरिएका छन् । यस दिव्य स्थलमा भक्तजनहरूका लागि हरिवंश पुराण, कालसर्पयोग पूजा, मांगलिक शान्ति, शनि मृत्युञ्जय पाठ, श्रीसुक्त पाठ, सम्पुटक पाठ, दुःख निवारण पाठ, अथर्वशीर्ष पाठ, श्रीसुक्ता पाठ, कवच पाठ, शतचण्डी, व्रत उध्यापन, गोदान, अष्ट महादान, पञ्चधेनु दान आदि कर्म गराउने व्यवस्था गरिएको छ । यस किसिमको व्यवस्थाले वैदिक विधिको सबैखाले अनुष्ठान गर्न आउनुहुने श्रद्धालुहरूको कर्मलाई एकै ठाउँमा समेटेको देखिन्छ ।

त्यसैगरी, अर्को एउटा भव्य कथामञ्च पनि बनाइएको छ, जसमा वैदिक शिक्षाका आध्यात्मिक गुरुहरूद्वारा जीवन उपयोगी ज्ञान तथा उपदेश प्रदान गरिनुको साथै विभिन्न पुराणहरूको वाचण गरिने गरिएको छ । यससँगै यस महायज्ञको तर्फबाट सबैभन्दा ठूलो राष्ट्रव्यापी भजन प्रतियोगिताको आयोजना गरिएको छ । देशभरिबाट आउनुभएका ३०० भन्दा बढी भजन समूहहरूको प्रस्तुति र प्रतिष्पर्धाले यस क्षेत्र उत्सवमय बनेको छ ।

श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ केवल एउटा यज्ञ मात्र नभई एउटा धार्मिक, सांस्कृतिक, सामाजिक र आध्यात्मिक चेतनाको महामिलन पनि हो । नेपालकै सुन्दर नगरी पोखराको काखमा अवस्थित यो महायज्ञस्थल सम्पूर्ण राष्ट्रका लागि गौरवको विषय बनेको छ ।

यस किसिमको महायज्ञले वैदिक परम्पराको पुनर्जागरण मात्र होइन, समाजमा आध्यात्मिक शुद्धि, सदाचार र राष्ट्रप्रेमको सञ्चार गरिरहेको छ । यज्ञ आयोजना गरिएको स्थल वरपर मात्र नभई सम्पूर्ण क्षेत्रमा आर्थिक तथा पर्यटकीय गतिविधि बढेको कुरामा दुईमत छैन । जन–जनमा धार्मिक भाव, सामाजिक समरसता र सेवा संस्कार प्रवाहित गराउन आयोजित यस किसिमको यज्ञले सनातन परम्पराको उत्थान गर्दै धर्म–संस्कृति संरक्षणमा अतुलनीय योगदान दिनेछ भन्ने कुरामा पूर्णरूपमा विश्वस्त हुन सकिन्छ ।❖

–सेतोपुल, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

बद्रिनारायण प्राण-प्रतिष्ठा सम्पन्न

काठमाडौंको नागार्जुन नगरपालिका वडा नं. ७ रामकोटमा नवनिर्मित बद्रिनारायण मन्दिरमा स्थापित मूर्तिको प्राण-प्रतिष्ठा सम्पन्न भएको छ । गत वैशाख १९ गतेदेखि २७ गतेसम्म विभिन्न अनुष्ठानात्मक कार्यक्रम गरी सो मन्दिरको प्राणप्रतिष्ठा गरिएको हो । सो अनुष्ठान अवधिमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री के.पी. शर्मा ओली, पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड लगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

वाचनशिरोमणि पण्डित नारायणप्रसाद पोखरेलको स्मृतिमा स्थापित नारायण पोखरेल प्रतिष्ठानको तत्त्वावधान एवम् विशेष सक्रियतामा रामकोटस्थित २२ रोपनी जग्गामा नेपालमै अन्तराष्ट्रिय स्तरको चार धाम मध्ये एक नमूना बद्रिनारायणधामसहितको नारायण आध्यात्मिक केन्द्र निर्माण योजनाअनुरूप हाल बद्रिनारायण मन्दिर निर्माण गर्न लागिएको हो । पण्डित दिनबन्धु पोखरेलका अनुसार नेपालले विश्वलाई नेतृत्व गर्ने छ भन्ने संकल्पका साथ नारायण पोखरेल प्रतिष्ठान स्थापना गरिएको हो ।

करिब ५५ करोडको लागतमा निर्माण हुन लागेको नमूना बद्रिनारायण धाममा हालसम्म १७ करोड रूपैयाँ खर्च भइसकेको छ । वाचन प्रवीण पोखरेलका अनुसार ११ करोड रूपैयाँ संकल्पकर्ता स्वयम्ले जनस्तरबाट संकलन गर्नुभएको हो भने बाँकी ६ करोड बराबर रकम संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त भएको हो ।

माता मैतीदेवी लोकार्पित

पूर्वीय दर्शनमा कलम चलाउँदै आउनुभएकी विदूषी डा. विनु बाबा अर्यालद्वारा लिखित "माता मैतिदेवी" पुस्तक मातृसम्मान दिवसको पावन अवसरमा माता मैतिदेवीलाई समर्पित गर्दै लोकार्पण गरिएको छ । गत वैशाख १४ गते मातातीर्थ औंसीको अवसरमा सो पुस्तक लोकार्पण गरिएको हो । मूलतः माता मैतिदेवी नामाकरण गरिए पनि यसभित्र श्रीगणेश, गणेश सहस्रनामावली, नेपालमा शाक्त धर्मको धार्मिक सांस्कृतिक एवम् ऐतिहासिक अध्ययन, शक्ति स्वरूपा मैतीदेवी (पञ्चकुमारी), भैरव, नेपालको शैव धर्ममा भैरवको स्वरूपको परम्परा, भैरव सम्प्रदाय, श्री पशुपतिनाथ मन्दिरको प्राङ्गणमा रहेका भैरवहरूको मूर्ति, भैरव स्तुति, भैरवसिद्धि, भैरवाष्टोत्तर शतनामाबलि, कालभैरव सहस्र नामावली त्रिपुरासुन्दरी समेतका लेख समावेश छन् । धार्मिक खोज एवम् पुरातात्त्विक विषयका जिज्ञासु पाठकका निम्ति पुस्तक बहुउपयोगी छ ।

पूर्व मन्त्री सूर्यमान गुरुङको शालिक अनावरण

नेपाल सरकारका पूर्वमन्त्री एवम् कांग्रेस नेता सूर्यमान गुरूङको शालिक अनावरण गरिएको छ । उहाँको वार्षिक पुण्य तिथि पछि आयोजित भागवत एकाह पाठ पारायण कार्यक्रमका अवसरमा गत बैशाख १९ गते शालिक अनावरण गरिएको हो । कामपा- १० वानेश्वरस्थित उहाँकै निवासमा निर्मित शालिकको उहाँकी धर्मपत्नी हर्क कुमारी गुरूङले अनावरण गर्नुभएको हो ।

भागवत एकाह पाठपारायण कार्यक्रममा रूद्री पूजा, लाखवत्ती प्रज्वलन लगायतका अनुष्ठान समेत गरिएको थियो । स्वर्गीय गुरूङका जेष्ठ सुपुत्र ईन्द्रमान गुरूङले आफ्नो पुर्खाहरूले गर्ने कर्म आफूहरूले पछ्याएको बताउनुभयो । शालिक अनावरण कार्यक्रममा नेपाली कांग्रेसकी नेतृ एवम् पूर्वमन्त्री सीता गुरूङ, एमालेका नेता एवम पूर्वमन्त्री योगेश भट्टराई, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य राधा घले, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक बुद्धिराज गुरूङ, नेपाली कांग्रेस बाग्मती प्रदेश कार्यसम्पादन समिति

सदस्य तारा गुरूङ लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

वि.सं. १९९८ वैशाख १० मा ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका ६ मा उहाँको जन्म भएको थियो भने वि.सं. २०८१ वैशाख २५ गते काठमाडौमा ८४ वर्षको उमेरमा निधन भएको हो । २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा भाग लिएर राजनीतिक यात्रा शुरू गर्नुभएका पूर्वमन्त्री गुरूङले २०१८ सालमा काङ्ग्रेसले गरेको सशस्त्र आन्दोलनमा ताप्लेजुङ र पाँचथरको नेतृत्व गर्नुभएको थियो । उहाँ २०३९ सालदेखि ४६ सालसम्म तत्कालीन जिल्ला पञ्चायतको (हालको जिसस) सभापति समेत हुनुभएको थियो । उहाँ वि.सं. २०६४ सालको निर्वाचनमा प्रतिनिधिसभाको सदस्य निवार्चित हुनुभएको थियो । वि.सं. २०७० सालमा काङ्ग्रेसको समानुपातिकबाट सांसद हुनुभएका उहाँ २०७३ सालमा एक पटक श्रम तथा रोजगार र अर्को एक पटक स्थानीय विकास मन्त्री हुनुभएको थियो। उहाँको एक श्रीमती, दुई छोरा र तीन छोरी हुनुहुन्छ ।

मातातीर्थ औंशीमा आमाहरुलाई सम्मान

केके मानन्धर/भक्तपुरको मध्यपुर थिमि सहकारीले समाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत मातातीर्थ औंशीको अवसरमा आमाहरूको संयुक्त मुख हेर्ने कार्यक्रम सम्पन्न गरेको छ । संस्थामा आवद्ध ६० वर्ष उमेर पुगेका आमाहरूलाई पूर्वीय संस्कार अनुसार टीका लगाई उपहार दिएर सम्मान गरिएको हो । 'जीवित भगवान्रूपी आमाहरूको सम्मान, सभ्य समाजको पहिचान' नारा दिएर संस्थाले ५७ जना आमाहरूलाई संयुक्त रूपमा सम्मान गरेको संस्थाका सचिव अनिल श्रेष्ठले जानकारी दिनुभयो । कार्यक्रममा मध्यपुर थिमि नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष बालकृष्ण श्रेष्ठले सबै सहकारीलाई एउटै नजरले हेर्न नहुने र जेष्ठ नागरिक आमाहरूलाई वित्तीय संस्थाहरूमा हालै देखिएको विचलनप्रति सचेत रहन आग्रह गर्नुभयो । वडाध्यक्ष श्रेष्ठले सामाजिक कार्य गर्दैआएको, वार्षिक साधारण गरेको, आफ्ना सदस्यहरूप्रति जवाफदेही रहेको, सहकारी नीति बमोजिम सञ्चालनमा रहेको र स्थानीय बासिन्दाले सञ्चालन गरेको संस्थामा तुलनात्मक रूपमा कम समस्याहरू देखिएको बताउनुभयो। सीमित गलत सहकारी संस्थाहरूको कारणले गर्दा सम्पूर्ण सहकारी अभियान नकारात्मक रूपमा प्रभावित भइरहेको उहाँको भनाइ थियो ।

रूपकुमारी अध्यात्म सेवा सम्मान तथा पुरस्कार वितरण

रूपकुमारी सेवा अनुष्ठानद्वारा आयोजित रूपकुमारी अध्यात्म सेवा पुरस्कार तथा सम्मान समर्पण कार्यक्रम २०८२ साल बैशाख २० गते शनिबार सम्पन्न भएको छ । पुरस्कृत संस्था गार्गी कन्या गुरूकुलम् देवघाटका संस्थापक भगवती उपाध्याय तथा सम्मानित व्यक्ति महेश संन्यास आश्रम देवघाटका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरी हुनुहुन्थ्यो ।

लेखनाथ साहित्य सदन सोह्रखुट्टेको सभाकक्षमा सम्पन्न यस कार्यक्रमको अध्यक्षता अनुष्ठानका अध्यक्ष तथा कीर्तिशेष रूपकुमारी पाण्डेकी सुपुत्री रमा शर्माले गर्नुभएको थियो भने प्रमुख अतिथिमा छन्द सारथि रमेश खकुरेल हुनुहुन्थ्यो । अनुष्ठानका उपाध्यक्ष किरण थापाबाट स्वागत सम्बोधन गरेपछि सदस्य सचिव प्रा. डा. श्री इन्दिरा शर्माले कार्यक्रममाथि प्रकाश पार्नुभएको थियो । उहाँले आफ्नी ममतामयी आमा रूपकुमारी पाँडेको नाममा स्थापना गरिएको यस अनुष्ठानबाट अहिलेसम्म सम्मानित महानुभावहरूको विवरण प्रस्तुत गनुभएको थियो । संस्कृत र वेदान्त दर्शनमा विशेष दखल राख्ने नगाधिराजले स्वामी रमणानन्द गिरीको परिचय प्रस्तुत गर्नुभएको थियो ।

स्वामी रमणानन्दलाई अध्यक्ष र प्रमुख अतिथिद्वारा रू.५० हजारको नगद पुरस्कार र सम्मानपत्र अर्पण गरियो । अर्जुन खतिवडाबाट भगवती उपाध्याय र गार्गी कन्या गुरूकुलम्को परिचय प्रस्तुत गरेपछि उहाँलाई पनि अध्यक्ष र प्रमुख अतिथिबाट रू ५० हजारको नगद पुरस्कार र सम्मानपत्र अर्पण गरिएको थियो ।

सम्मान ग्रहणपछि स्वामी रमणानन्द गिरीजी महाराजबाट कार्यक्रम आयोजक एवम् उपस्थित महानुभावहरूलाई आशीर्वचन प्रदान गर्नुभएको थियो भने भगवती उपाध्यायबाट छोटो आभार मन्तव्य व्यक्त गर्नुभएको थियो । सभामा प्रमुख अतिथि रमेश खकुरेलबाट आफ्ना रोचक अनुभवहरू पनि सुनाउनुभयो । अध्यक्ष रमा शर्माबाट सहभागीहरूलाई धन्यवाद प्रकट गर्दै कार्यक्रमका विभिन्न पक्षहरूमाथि प्रकाश पार्दै सभा विसर्जन गर्नुभएको थियो ।❖

कृषि उत्पादन बढाऔं !

❖ खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,

❖ जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,

❖ स्थानीय बीउविजन तथा रैथाने बालीको संरक्षण गरौं,

❖ प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,

❖ कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,

❖ कृषि अनुदानको सही सदुपयोग गरौं,

❖ बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिक सरसल्लाह सुझाव लिऊँ ।

कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला

गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः

वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com

मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

Your Printing Solution

"गुणस्तरीय छपाई,
सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.

गोल्कोपाखा, ठमेल, काठमाडौ, फोनः ०१-४०२२५४४

प्रकृति, संस्कृति र सभ्यताको आराधना,
कालीगण्डकी पदयात्रा एक आध्यात्मिक साधना ॥

कालीगण्डकी पदयात्रा

हार्दिक आह्वान

कालीगण्डकी नदी र दुर्लभ शालग्रामशिलाको बहुविध महत्त्व र उपयोगिताको प्रचार-प्रसार गरेर पवित्र जलसम्पदा र सभ्यताको संरक्षण र संवर्धन गर्न नेपाल तथा भारतका मुख्य पीठ एवं आश्रमका पूज्य सन्तहरूको आह्वान र सहभागितामा आयोजित पदयात्रा कार्यक्रमलाई सुसम्पन्न गर्न आ-आफ्नो तहबाट महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुन सम्पूर्ण गण्डकी प्रेमीहरूलाई हार्दिक आह्वान गर्दछौँ ।

पदयात्रा विवरण

शुभारम्भ - वि.सं. २०८२ जेठ २२ गते देवघाटधामबाट
गन्तव्य - ४३१ किलोमिटर (देवघाटधामदेखि दामोदर कुण्डसम्म)
भूगोल - २२० मिटर सामुद्रिक सतहदेखि ४९९० मिटर उचाइसम्म
यात्राकाल- २२ देखि २५ दिन
पदमार्ग -कालीगण्डकी किनार (कालीगण्डकी र शालिग्राम करिडोर)
समापन - दामोदरकुण्डमा पुगेर ।
थप जानकारीको लागि सम्पर्क- ९८५५०११८८८/९८५५०५०९६४

विशेष पूजा एवम् जागरण सभा हुने तीर्थहरु
देवघाटधाम-केलादीघाटधाम-राम्दीधाम-ऋषिकेशधाम-रूद्रवेणीधाम-सेतीबेनीधाम- मोदीबेनीधाम-गलेश्वरधाम-कागबेनीधाम-मुक्तिनाथधाम-दामोदरकुण्डधाम ।

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

॥एक युगमा एक पटक॥

ॐ
॥ श्रीपरमात्मने नमः ॥
॥ न भूतो न भविष्यति ॥

॥इतिहासमै पहिलो पटक॥

(न भूतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

नेपाल भ्रमण वर्ष सन् २०२५ तथा नेपाली नयाँ वर्ष २०८२ को पावन अवसरमा श्री मानव सेवा फाउण्डेसन, नेपाल लगायतका संस्थाहरुले मिति २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा-१७, बिरौटमा अवस्थित श्री सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिरको भूमि तथा आसपासका क्षेत्रहरुमा, राष्ट्रशान्ति, विश्वकल्याण एवं आम नेपालीको सुख, शान्ति तथा समृद्धिको कामनाले हामी यो विशाल आयोजनमा जुटेका छौं । साथै पोखरालाई मुक्तिद्वारको रुपमा चिनाउन एवं गण्डकी प्रदेश सँगसँगै नेपाल भरी रहेका शास्त्रवर्णित सम्पूर्ण धार्मिकक्षेत्र, तीर्थस्थल, मठमन्दिरहरुको महत्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई तेजोमय गतिमा प्रवर्द्धन गर्ने हामीले उज्यालो उद्देश्य बोकेका छौं । धार्मिक पर्यटन वृद्धिले राष्ट्रको सर्वतोमुखी विकासमा सशक्त सहयोग पुऱ्याउने हाम्रो सङ्कल्प अनुरुप गण्डकी प्रदेशका विपन्न, अभिभावक विहीन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरुको पालन, संरक्षण हेतु भवन निर्माण साथमा श्री मानव सेवा फाउण्डेसनको अक्षयकोष स्थापना सहयोगार्थ आयोजित ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२ लाई सभ्यभव्य रुपमा सम्पन्न गर्नका निमित्त यस कोटिहोम विराट् ज्ञान महायज्ञ जस्तो पवित्र आयोजनमा स्नेहपूर्ण सान्निध्य प्रदान गरिदिनहुन हजुरहरुलाई सादर निमन्त्रणा गर्दछौं ।

- जगद्गुरु, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिकाआदिबाट विशेष शास्त्रीय प्रवचन नियमित हुने ।
- मिति २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म सयौं गुरुहरुद्वारा नियमित हवन तथा अनेकौं पुण्यमय कर्महरु गरिने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरुबाट विभिन्न गीत, सङ्गीत, भजन, झाँकी, देवलीला, नृत्यआदि प्रस्तुति हुने ।
- देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियन्ता तथा राजनेताहरुको आगमन हुने ।
- सम्पूर्ण धार्मिक / आध्यात्मिक परिवेश हुनेछ ।
- कोटिहोम महायज्ञको विधिवत पूर्णाहुति गरी अभिषेक र प्रसाद ग्रहण गर्ने : (२०८२ जेठ २६ गते, सोमबार)

बालयोगेश्वर
विजयश्री कृष्णमूर्ति जी महाराज
महायज्ञ संकल्पकर्ता

केन्द्रीय कार्यालय:-

कलङ्की-१४, काठमाण्डौं नेपाल ।
०१-५२१९१२५
९८५१३५७०१५/९८०२३७००८१

शाखा कार्यालय:-

सृजनाचोक, पोखरा-०८, कास्की, नेपाल ।
०६१-५८४७०१/०६१-५८४७०२
९८५६०८२२९०/९८५६०८२२९१
९८६३२५२१२१/९७०५२५२१२५